# घोडाघोडी नगरपालिकाको संक्षिप्त परिचय

**अवस्थिती** (Location):

घोडाघोडी नगरपालिका नेपालको सुदूर पश्चिम प्रदेश, कैलाली जिल्लाको मध्य भागमा अवस्थित छ । यो नगरपालिका २८°४१' ०३" उत्तरी अक्षाश र ८०°५६'४३" पूर्वी देशान्तर सम्म फैलिएको छ। समुद्री सतह देखी २०५ मिटर उचाईमा रहेको यो नगरपालिकाको क्षेत्रफल ३५४.४४ वर्ग कि.मी. रहेको छ ।

**सीमाना** (Border)

घोडाघोडी तालको नाम बाट नामाकारण गरिएको घोडाघोडी नगरपालिका मिति २०७३ मंसिर १७ गतेको मन्त्रिपरिषद्को निर्णयबाट स्थापीत भएको हो । यस नगरपालिकाको पूर्वमा बर्दगोरिया गाउँपालिका, पश्चिममा गौरीगंगा नगरपालिका, उत्तरमा मोहन्याल गाउँपालिका र दक्षिणमा भजनी नगरपालिका रहेका छन् ।

**राजनीतिक विभाजन** (Political Division)

घोडाघोडी नगरपालिका साविकको दरख, साँडेपानी, रामशिखरझाला र पहलमानपुर गा.वि.स मिलेर बनेको छ भने हाल यो नगरपालिका १२ वडामा विभाजन गरिएको छ ।

**प्राकृतिक श्रोत साधन** (Natural Resources)

घोडाघोडी तालक्षेत्र, तालतलैयाहरु, विभिन्न नदीनालाहरु, भूमि, वनजङ्गल क्षेत्र, खनिज यस नगरपालिकाको विकास निर्माणका आधार हुन् । प्राकृतिक स्रोत साधनले भरिपूर्ण यस नगरपालिकामा कृषिजन्य भूमी, प्राकृतिक तालतलैयाहरु, बनजङ्गल, नदीनालाहरु पर्याप्त मात्रामा रहेको पाइन्छ ।

**आर्थिक-सामाजिक पूर्वाधार** (Socio-Economic Infrastructure)

आर्थिक-सामाजिक परिवर्तनको संघारमा रहेको घोडाघोडी नगरपालिकामा शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, पीउने पानी, उद्योग, व्यापार, सूचना तथा प्रविधिको पर्याप्त संभावना भएको भएपनि पर्याप्त मात्रामा पूर्वाधार विकास भैसकेको छैन । यद्यपी पूर्व-पश्चिम राजमार्गले मध्य भागबाट छिचोलेको छ भने शिक्षा क्षेत्रको विकास र अवस्थाको हिसाबाले तुलनात्मक रुपमा विकसित छ । कृषि, पर्यटन लगायतका पूर्वाधार विकासको क्रम प्रभावकारी रुपमा स्थापीत हुँदै गएको छ भने अगामी दिनमा पूर्वाधार क्षेत्रको पर्याप्त विकास भई आर्थिक सामाजिक विकासको प्रयाप्त संभावना रहेको छ ।

**प्रमुख विशेषताहरु:**

- प्राकृतिक श्रोत साधनले सम्पन्न, प्रकृतिक सुन्दरता, पर्या पर्यटनको प्रचुर सम्भवना
- कृषि विकासको पर्याप्त अवसर, विभिन्न कृषि क्षेत्रहरुको स्थापना ।
- शिक्षा नगरिको रुपमा घोडाघोडी नगरपालिका ।
- पर्याप्त वनजङ्गल र वनपैदावारमा आधारित औद्योगिक विकासको संभावना ।
- तालतलैया, नदीनाला, खनिज लगायतका प्रकृतिक श्रोतको पर्याप्त उपलब्धता ।
- आर्थिक-सामाजिक रुपले मध्यम अवस्था भएपनि पर्याप्त रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्न सकिने पर्याप्त संभावना रहेको ।
- विभिन्न धार्मिक स्थलहरु, मठमन्दिर र सिर्जना गरेको पर्यटकीय महत्व ।
- सांस्कृतिक विविधिता, सामाजिक सदभाव ।

**निष्कर्ष**

घोडाघोडी नगरपालिका श्रोत साधनको पर्याप्तता भएको भए पनि दिगो र आर्दशतम उपयोग मार्फत यस क्षेत्रको विकास गरी आर्थिक, सामाजिक, साँस्कृतिक रुपमान्तरण गर्दै ***पर्या-पर्यटन शिक्षा, कृषि र पूर्वाधार विकास : समृद्धी घोडाघोडी नगरको आधार*** मूल नारालाई हामी नगरवासिले पुरा गर्नुपर्ने देखिन्छ ।

# घोडाघोडी नगरपालिकाको सातौ नगरसभा बैठकमा प्रस्तुत चालु आर्थिक वर्ष २०७६/०७७ को बार्षिक कार्यक्रम तथा बजेट

यस सातौं नगरसभाका सभाध्यक्ष ज्यु,
संघीय प्रतिनिधी सभाकामाननीय सदस्य श्री गौरीशंकर चौधरी ज्यु,
प्रदेश सभाकामाननीय सदस्य श्री अमर साउँद ज्यु,
सभामा उपस्थित सभाका सदस्यज्युहरु,
पत्रकार मित्रहरु र उपस्थित सम्पुर्ण राष्ट्र सेवक कर्मचारीहरु ।

आज यस गरिमामय सभामा उपस्थित भई आर्थिक वर्ष २०७६/०७७ को बार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेकी छु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणालीको व्यवहारिक कार्यान्वयनको कसीमा उभिएर स्थानीय सरकारको प्रतिनिधीको हैसियतले बजेट प्रस्तुत गरि रहदा हाम्रा नगरबासीहरुलाई स्मरण गरी सबैमा नमन व्यक्त गर्न चाहन्छु । आम नगरबासीका मनोआकांक्षा र भावनालाई आत्मसात गर्दै यस घोडाघोडी नगरपालिकालाई कसरी स्वच्छ, सुन्दर र समृद्ध बनाउने भन्नेमा हामी सधै चिन्तित छौं । सम्पुर्ण नगरपालिकाको विकास एकैचोटी त सम्भव छैन तर हाम्रो आर्थिक स्रोत र साधनले भ्याए सम्म समृद्धीका लागी हामी प्रतिबद्ध छौ ।

**अध्यक्ष महोदय,**

ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, पर्यटकीय तथा धार्मिक सम्पदाले भरिएको यस नगरपालिकामा हुने विकासको गतिले अरुलाई पनि लोभ्याउने र अनुकरण गर्ने कसरी बनाउन सकिन्छ भन्ने तर्फ हामी प्रेरित हुन आवश्यक छ । पर्यटन विकासका लागी आवश्यक हुने भु-स्वरुप , तालतलैया तथा हरियाली जंगलले सबैको मन लोभ्याएको भएपनि यसको उचित व्यवस्थापन र विकास हुनु अति आवश्यक छ । जसका कारणले प्राकृतिक सम्पदाको संरक्षणका साथसाथै स्थानीय नगरबासीहरुको आर्थिक उपार्जनमा अभिवृद्धि भई नगरपालिका कै समृद्धिमा समेत परिर्वतन ल्याउनेछ । लोकतान्त्रिक मुल्यमान्यता, स्थानीय स्वायत्तता, सर्वसुलभ सेवा प्रवाह, विकासमा जनसहभागिता र जवाफदेहिता, उत्तरदायित्व तथा पारदर्शिता जस्ता सुशासनका आयामहरुको अवलम्बन गर्दै यस नगरपालिकाको समग्र विकासका प्रयासलाई निरन्तर अघि बढाउन सम्पुर्ण नागरिक समाज, राजनितिकदल, नीजि क्षेत्र, आम समाजसेवी तथा बुद्धिजीवी, सरकारी तथा गैह्र सरकारी निकाय एवं विकास प्रेमी सम्पुर्ण महानुभावहरुबाट आवश्यक सहयोग र सद्भाव प्राप्त हुने नै छ  भन्ने विश्वास लिईएकी छु ।

यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को बार्षिक बजेट तर्जुमा गर्दा स्थानीयतहले योजना तर्जुमा गर्दा अवलम्बन गर्ने प्रक्रिया पुरा गरी नगरबासीका मागहरुलाई स्रोत र साधनले भ्याए सम्म समेट्ने प्रयत्न गरिएको छ । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसुची ८ मा व्यवस्था गरिएका स्थानीयतहको एकल अधिकार र अनुसुची ९ मा व्यवस्था गरिएका साझा अधिकार समेतलाई मध्यनजर गरी स्थानीय शासन सञ्चालन ऐन २०७४, स्थानीयतहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धि आदेश २०७४, स्थानीयतहको योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७४ र नगर कार्यपालिकाका विगतका निर्णयहरुबाट प्राप्त मार्ग निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै बजेट तर्जुमा गरिएको छ। यसका साथै बजेट तर्जुमा गर्दा बिगतवर्षहरुका बजेट सम्बन्धि अभिलेख, गाउँ टोल भेला, वडा समितिहरु, विभिन्न लक्षित समुहहरु, राजनितीक दलका प्रतिनिधीहरु, सरकारी तथा गैह्र सरकारी संघसंस्थाका प्रतिनिधीज्युहरु, नागरिक समाजका अगुवा, बौद्धिक वर्ग, शिक्षक, विषयगत शाखा लगायतविभिन्न व्यक्तित्वहरुबाट प्राप्त सुझावलाई गाउँ टोल तथा वडा स्तरिय निर्णयबाट आएको प्राथमिकीकरणका आधारमा नगरपालिकाको बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई बजेट विनियोजन गरी यस गरिमामय सभामा प्रस्तुत गरिने छ ।

**अध्यक्ष महोदय,**

राजस्वका दरहरुमा राजस्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको बैठकको निर्णयको आधारमा कर, शुल्क तथा दस्तुरका दरहरु निर्धारण गरिएको छ। नगरबासीहरुको हित र सुविधाका लागी शहरी सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा स्रोत परिचालन सम्बन्धमा केही अनुभुती योग्य कार्य गर्ने प्रयास गरेका छौं। नगरपालिका आफ्नो दैनिक प्रशासनिक तथा विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दूरुस्त बनाउन र नगरबासीप्रतिको जवाफदेहिता वृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागी सधैं खुला रहेको छ । नगरपालिकाप्रतिको गुनासो र सुझाव व्यवस्थापनका लागी गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी प्राप्त सुझाव र गुनासाहरुको व्यवस्थापन गर्ने कार्य गरिएको छ ।

**अध्यक्ष महोदय,**

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका नीतिगत आधारहरु निम्नानुसार रहेका छन् ।**

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीयतहको एकलतथा साझा अधिकारहरु, मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।

- संघीय सरकारले अंगिकार गरेको १५ औं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु ।
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु ।
- नेपाल सरकारबाट स्वीकृति संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतीकरणको प्रतिवेदन ।
- स्थानीयशासन सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेको व्यवस्था ।
- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- नगरपालिकाको आफ्नो आन्तरिक आयको प्रक्षेपण र खर्च नभई बाँकी रहेको रकम ।
- राजनीतिकदलका प्रतिनिधी ज्यु, समाजसेवी, शिक्षक, बुद्धिजीवि, लगायतका संघ संस्थाहरुबाट प्राप्त सुझावहरु ।
- आमनगरबासीको सहभागितामा टोल र वडाहरुमा सञ्चालित भेलाबाट प्राप्त सुझावहरु ।
- विगत वर्षहरुमा सम्पन्न भएका नगरसभाका बैठकहरुबाट भएका निर्णयहरु ।
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागी निर्णय गरी तोकेका आधारहरु ।

**अध्यक्ष महोदय,**

बजेट विनियोजन गर्दा कुल विकास बजेटको २८.३५ प्रतिशत वडाहरुलाई विनियोजित गरिएको छ भने ६१.७३ प्रतिशत नगरपालिकालाई र ९.९२ प्रतिशत विभिन्न कोष तथा लागत सहभागिताका लागी छुट्टाईएको छ । कुलविकास बजेटको ५०.७० प्रतिशत बजेट पुर्वाधार विकासममा छुट्टाइएको छ भने ३९.२ प्रतिशत बजेट प्रवर्द्धनात्मक कार्यक्रम र प्रशासनिक व्यवस्थापनका लागि खर्च गर्ने व्यवस्था मिलाईएको छ । लक्षित वर्गलाई न्यायोचित रुपमा सम्बोधन होस भन्ने हेतुले आवश्यक बजेट विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

**अध्यक्ष महोदय,**
अव म यस आ.व. २०७६/७७ को अनुमानित आय व्यय को विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# राजश्व तथा अनुदान प्राप्तीको अनुमान
## आ.व. २०७६/०७७
## अनुसूची २

रु. हजारमा

| शिर्षक | बजेट शिर्षक | आ.व. २०७६।०७७ को प्रस्तावित | कैफियत |
|---|---|---|---|
| **राजश्व** | | ७४८९०६।५५ | |
| **आन्तरिक राजश्व** | | ४७८०५ | |
| सम्पती बहाल तथा पटटा बाफतको आय कर | ११११३१ | १२००० | |
| सम्पती कर | ११३०० | ० | |
| एकिकृत सम्पती कर | ११३१३ | ० | |
| भुमी कर र मालपोत कर | ११३१४ | ० | |
| घरजग्गा रजिष्टेशन दस्तुर | ११३१५ | ७०० | |
| घर बहाल कर | ११३२१ | १००० | |
| बहाल विटौरी कर | ११३२२ | ८००० | |
| सवारी साधन कर | ११४५१ | ५० | |
| सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोग ) | ११४५२ | | |
| मनोरञ्जन कर | ११४७९ | ५ | |
| व्यवसायले भुक्तानी गर्नुपर्ने कर | ११६११ | ५० | |
| व्यवसाय बाहेक अन्यले भुक्तानी गर्नुपर्ने कर | ११६६१ | ५० | |
| कृषि तथा पशुजन्य बस्तुहरूको व्यवशाय कारोबारमा लाग्ने कर | ११६३१ | ५० | |
| अखेटो पहाडमा लाग्ने कर | ११६३२ | | |
| अन्य कर | ११६९१ | | |
| सरकारी सम्पतीको बहालबाट प्राप्त हुने कर | १४१५१ | १०० | |
| पर्यटन शुल्क | १४१९१ | २५ | |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त हुने कर | १४२११ | ३०५० | |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त हुने कर | १४२१२ | ५० | |
| अन्य  बिक्रीबाट प्राप्त हुने कर | १४२१३ | २० | |
| विधुत सेवा दस्तुर | १४२१८ | २० | |
| अन्य सेवा शुल्क तथा बिक्री कर | १४२१९ | २० | |
| न्यायीक दस्तुर | १४२२१ | २० | |
| शिक्षा क्षेत्रको कर | १४२२३ | ५० | |
| परिक्षा शुल्क | १४२२४ | १० | |
| यातायात क्षेत्रको अम्दानी कर | १४२२५ | ५ | |
| नक्शा पास दस्तुर | १४२४२ | ५० | |
| सिफारिस दस्तुर | १४२४३ | १००० | |
| व्यत्तिगत घटना दस्तुर | १४२४४ | २० | |
| नाता प्रमाणीत | १४२४५ | १० | |

व्यवुशाय रजिष्टेसन दुस्तुर

| | | | |
|---|---|---|---|
| व्यवशाय रजिष्टेसन दस्तुर | १४२५३ | १०० | |
| रेडियो एफ. एम. दस्तुर | १४२५४ | १०० | |
| न्यायीक दन्द, जरिवाना तथा जफत कर | १४३११ | ५० | |
| प्रशासनीक न्याय जरिवाना र जफत कर | १४३१२ | ५० | |
| व्यवसाय कर | १४६११ | १००० | |
| विज्ञापन कर | | ५० | |
| प्राकृतिक स्रोत साधन व्यवसाय कर | १४१५९ | २०००० | |
| सेयर लगानीबाट प्राप्त लाभांश | | | |
| ऋण लगानीबाट प्राप्त व्याज | | | |
| अन्य आय | | १०० | |
| **राजश्व वाडफाँड** | | **१७६२८६।५५** | |
| संघिय सरकारबाट राजश्व वाडफाँड प्राप्ती | | १६६१००।०० | |
| प्रदेश सरकारबाट राजश्व वाडफाँड प्राप्ती | | ५८०८ | |
| राष्ट्रिय बन | | ४३७८।५५ | |
| **वित्तिय समानीकरण अनुदान** | | **१९८६१५** | |
| संघिय सरकारबाट प्राप्त समानीकरण अनुदान | | १९०५०० | |
| प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान | | ८११५ | |
| शशर्त अनुदान | | २६६२०० | |
| गतवर्षको नगद मौज्दात | | ६०००० | |
| कुल जम्मा | | ७४८९०६।५५ | |

## आ. व. २०७६/०७७ को कार्यालय संचालन तथा प्रशासनिक चालु खर्च बजेटको अनुमानित विवरण

| खर्च संकेत नं. | खर्च शिर्षक | केन्द्रको |
|---|---|---|
| २१११११ | कर्मचारी पारिश्रमिक | २५०००.०० |
| २११११२ | पदाधिकारी पारिश्रमिक | ७९००.०० |
| २११२१ | पोशाक | १३८०.०० |
| २११२३ | औषधि उपचार खर्च | १५००.०० |
| २११३२ | महंगी भत्ता | १६००.०० |
| २११३४ | बैठक भत्ता | ३०००.०० |
| २११३४ | योजना अनुगमन वैठक भत्ता | २०००.०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३००.०० |
| २११३९ | अन्य भत्ता | ५००.०० |
| | पदाधिकारीको संचार खर्च | २००.०० |
| २२१११ | पानी तथा विजुली | १५००.०० |
| २२११२ | संचार महसुल | २५००.०० |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ४०००.०० |

| | | |
|---|---|---|
| २२२१४ | विमा तथा नविकरण खर्च | १०००.०० |
| २२२९१ | अन्य सम्पतीहरुको संचालन तथा सम्भार खर्च | २०००.०० |
| २२३११ | मसलन्द कार्यालय सामाग्री | ५०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकासन खर्च | २०००.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ३०००.०० |
| २२४१३ | करार सेवा शुल्क | ७५००.०० |
| | नगरपिलकाको विविध कार्यक्रम खर्च | १०००.०० |
| २२५११ | कर्मचारी तथा प्रतिनिधि तालिम खर्च | १०००.०० |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | ४९३.०० |
| २२६१२ | भ्रमण खर्च | ३५००.०० |
| २२७११ | विविध खर्च | ३०००.०० |
| २२७२१ | नगर सभा संचालन खर्च | १५००.०० |
| २५३१५ | अन्य सहायता | २०००.०० |
| २८१४२ | घर भाडा | २०००.०० |
| २८१४३ | सवारि साधन तथा मेसनरी औजार भाडा | ७००.०० |
| २८९११ | भैपरि आउने चालु खर्च | ८००.०० |
| | **जम्मा** | ८७८७३.०० |
| | पुजीगत (फर्निचर,फिक्चर्स मेसनरी सामान खरिद तथा मर्मत) वडा कार्यलाय समेत | ५००० |
| | सम्भाव्यता अध्ययन । डिजाईन । परामर्श | ९००० |
| | जम्मा | १४००० |
| | वडा तर्फको चालु खर्च(१२ वटा वडा) | |
| | **कुल जम्मा** | १०१८७३.०० |

## घोडाघोडी नगरपालिकाको आ.व. २०७६/०७७ को वार्षिक बजेट विवरण

| क्र.सं. | शीर्षक | रकम (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| | **आर्थीक विकास** | ३८००० | ७.८७ |
| १ | कृर्षि | २०००० | |
| २ | घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डलाई अनुदान | ११००० | |
| ३ | उद्योग | १००० | |
| ४ | पशु विकास | ४००० | |
| ५ | सहकारी | २००० | |
| **क्र.सं.** | **शीर्षक** | **रकम (रू. हजारमा)** | **प्रतिशत** |
| | **सामजिक विकास** | ८७२०० | १८.१ |
| १ | शिक्षा | ४५००० | |
| २ | स्वास्थ्य | १२५०० | |
| ३ | एफ. एम. रेडियो स्थापना तथा सचालन | ३००० | |
| ४ | सञ्चार क्षेत्रको विकास | १००० | |

प्रविधि विकास

सञ्चार क्षेत्रको विकास

| | | | |
|---|---|---|---|
| ५ | नगरपालिकाको सुचना प्रविधि विकास | ६००० | |
| ६ | खानेपानी | ३००० | |
| ७ | सरसफाइ तथा फोहरमैला व्यवस्थापन | ३००० | |
| ८ | जात्रा पर्व मेला व्यवस्थापन | ५०० | |
| ९ | युवा क्षमता विकास कार्यक्रम | १००० | |
| १० | लक्षित समुह विकास कार्यक्रम | | |
| | महिला । एकल महिला | ५०० | |
| | फरक क्षमता भएका नागरिक | ५०० | |
| | जेष्ठ नागरिक | ५०० | |
| | दलित | १००० | |
| | जनजाती | १००० | |
| | मुक्त कमैया | १००० | |
| | मुक्त कमलरी | १००० | |
| | सिमान्तकृत समुदाय | ५०० | |
| | वालवालिका | १२०० | |
| ११ | न्याय सम्पादन तथा मेलमिलाप व्यवस्थापन | २५०० | |
| १२ | खेलकुद विकास | १५०० | |
| १३ | अन्य व्यवस्थापन (छाडा पशु चौपाया लगायत अन्य | १००० | |

| क्र.सं. | शीर्षक | रकम (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| | **पूर्वाधार विकास** | २४४७५५ | ५०.७० |
| १ | नगरपालिका भवन निर्माण | २५००० | |
| २ | सपींग कमप्लेक्स | १०००० | |
| ३ | एम्वुलेन्स खरिद | २५०० | |
| ४ | नगरपालिकाका लागि सवारी साधन खरिद | ३५०० | |
| ५ | लागत साझेदारी कोष | ४०००० | |
| ६ | वडा भवन निर्माण बजेट | ४७३५५ | |
| ७ | वडागत बजेट | ८९५०० | |
| ८ | क्रमागत योजना (सुखड भजनी रोड कालोपत्रे) | ८७०० | |
| ९ | भुक्तानी दिन बाँकी (नगर प्रोफाईल निर्माण सहित | ६२०० | |
| १० | ब्लड बैंक पुर्वाधार सञ्चालन सहयोग | २००० | |
| ११ | अकस्मिक भैपरी कार्य | १०००० | |

| क्र.सं. | शीर्षक | रकम (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| | **वन, वातावरण तथा विपद व्यवस्थापन विकास** | ३००० | ०.६२ |
| १ | वन विकास | ५०० | |
| २ | विपद व्यवस्थापन | २५०० | |

| क्र.सं. | शीर्षक | रकम (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| | **कोषहरु** | ७८७८.५५ | १.६३ |
| १ | स्वास्थ्य राहत कोष | १००० | |
| २ | कर्मचारी कल्याण कोष | १५०० | |
| ३ | विपद व्यवस्थापन कोष | ३३७८.५५ | |
| ४ | सार्वजनिक स्थल विकास | २००० | |

| क्र.सं. | शीर्षक | रकम (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | **चालु** | १०१८७३.०० | २१.१० |

| | | | |
|---|---|---|---|
| १ | **समानीकरण राजश्व बाँडफाड कुल जम्मा** | ४८२७०६.५५ | |
| २ | **शसर्त जम्मा** | २६६२०० | |
| | **कुल जम्मा** | ७४८९०६.५५ | |

## वडागत बजेट

रू. हजारमा

| वडा नं. | निर्माणाधिन वडा कार्यालयको भवनमा विनियोजित रकम | वडा कार्यालयका लागी विनियोजित योजनागत बजेट | जम्मा बजेट |
|---|---|---|---|
| १ | ० | १०००० | १०००० |
| २ | ० | १०००० | १०००० |
| ३ | ० | १०००० | १०००० |
| ४ | ६५०० | ५५०० | १२००० |
| ५ | ६५०० | ५५०० | १२००० |
| ६ | ६२३० | ६००० | १२२३० |
| ७ | ६५०० | ५५०० | १२००० |
| ८ | २५०० | १०००० | १२५०० |
| ९ | ६१२५ | ६००० | १२१२५ |
| १० | ० | ५५०० | ५५०० |
| ११ | ० | १०००० | १०००० |
| १२ | ६५०० | ५५०० | १२००० |
| जम्मा | ४०८५५ | ८९५०० | १३०३५५ |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. १ को वडा समितिको बैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

## पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सिं.नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | बेलकोट महेन्द्र राजमार्ग बाट उत्तर सिउरैया जाने बाटो कालो पत्रे (बजेटको २० प्रतिशत स्थानीय उपभोक्ताको जनसहभागिता हुनुपर्ने ) | ४०००००० |
| २ | जनकपुर चोक देखी ३ न. वडा को सिमाना सम्म बाटो ग्रावेल | ७००००० |
| ३ | सुन्दरपुर पदम सापकोटाको घर देखी पारी जाने बाटोमा कल्भर्ट निर्माण | ८००००० |
| ४ | घोडाघोडी अस्पताल र एभरेष्ट बैंक को बिच बाट दक्षिण जाने बाटो ग्रावेल | २००००० |
| ५ | झापालीको घरबाट कल्जुगी जोड्ने बाटोको नदि छेउको ओरालोदेखी नदिको पुल सम्म दाँया बाया दिवाल र बाटो ग्रावेल | ३००००० |
| ६ | माधव खरेलको घर देखी जोसोम चौधरीको घर सम्म बाटो ग्रावेल | २००००० |
| ७ | खिउरी नेपालीको घर देखी हजमा वि. क. को घर सम्म बाटो ग्रावेल | १००००० |
| ८ | दत्त भण्डारीको घर देखी नकरोड जाने बाटोमा कल्भर्ट निर्माण | ५००००० |
| ९ | कौवा कल्भर्टनेर रोकाको घर देखी पुर्व हुँदै डाँडा सम्म बाटो ग्रावेल | ६००००० |
| १० | श्यामलाल चौधरीको घर देखी विराज आचार्यको घर सम्म पक्की पर्खाल निर्माण | ३००००० |
| ११ | पिपलडाँडा महेन्द्र राजमार्गबाट दक्षिण गणेशबमको घर हुदै जाने बाटोमा नाला निर्माण | ३००००० |
| १२ | सिता नगर मिना विष्टको घर जाने बाटो ग्रावेल | १५०००० |
| १३ | बाल विवाह न्युनीकरण सम्बन्धि जनचेतना कार्यक्रम | ५०००० |
| १४ | सामाजिक कुरीती (छाउपडी प्रथा,बोक्सी प्रथा) विरुद्ध जनचेतना कार्यक्रम | १५०००० |
| १५ | दलित महिलाहरुको नेतृत्व विकासको लागी तालिम (वडा न. १ का १६ वटा टोल बाट ३२ जनालाई) | १५०००० |
| १६ | अपाङ्गता भएका व्यक्तिहरुको लागी जाडोको न्यानो कपडा वितरण कार्यक्रम | ५०००० |
| १७ | कस्मिर बेत बाँस उद्योगलाई कच्चा पदार्थ खरिदको लागी | ५०००० |
| १८ | मर्मतसम्भार | ५५०००० |
| १९ | खेलकुद | १५०००० |
| २० | कार्यालय व्यवस्थापन | ५००००० |
| २१ | लक्ष्मीपुरमा मन्दीर निर्माणको लागी | १५०००० |
| २२ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |
| | **जम्मा** | १००००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. २ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

### पूर्वाधार विकास तथा निर्माण तर्फ

| सिं.नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | जोकाहा टोलमा बटालाको घर देखि अजर्नु चौधरी को घर सम्म बाटो ग्रावेल | ४००००० |
| २ | कमल ढकालको घर देखि सिरानगर नदी सम्म बाटो ग्रावेल | ८००००० |
| ३ | स्वास्थ्य चौकी देखि तिनघरवा जानेबाटो सम्म बाटो ग्रावेल | ३००००० |
| ५ | टनकपुर देखि छत्र बडुवालको घर सम्म खानेपानी विस्तार | ५००००० |
| ७ | मनोज चौधरीको घर नजिक कल्भेट निर्माण | ३००००० |
| ८ | वडा कार्यालय माथि पिलर निर्माण गरी छत ढलान गर्ने | १०००००० |
| ९ | बल ब. विष्टको ईट भट्टा देखि ताल घर समम सडक ग्रावेल | ५००००० |
| १० | राम बहादुर विष्टको घर देखि मिन ब. विष्टको घर सम्म सडक ग्रावेल | १०००००० |
| ११ | योगेन्द्र विष्टको जग्गा देखि मटकान खेत सम्म सडक ग्रावेल | ५००००० |
| १२ | रचनापुर न्यू रोड कल्भट निर्माण | ३००००० |
| १३ | मर्मत सम्भार तथा भैपरी खर्च | ८००००० |
| | **जम्मा** | ६४००००० |

### आर्थिक विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | शान्तिपुर टोलमा सिचाई बोरिङ्ग | २५०००० |
| २ | भगतपुर टोलको विच स्थानमा सिचाई बोरिङ्ग | २५०००० |
| ३ | वनघरमा सिचाई बोरिङ्ग जडान १ थन | २५०००० |
| ४ | जोकाहा टोलमा बोरिङ्ग | २००००० |
| ५ | चौडेल स्कुल नजिक बोरिङ्ग | २००००० |
| ६ | भकारो सुधार, खोर मर्मत, उन्नत जातको पाठा पाठी अति विपन्न परिवार लाई अनुदान र शौचालय निर्माण अनुदान कार्यक्रम | ६००००० |
| ७ | कृषि विउविजन तथा टनेल घर निर्माण अनुदान | ४००००० |
| | **जम्मा** | २१५०००० |

### सामाजिक विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | समैजी आ.वि. घेरबार | ४००००० |
| २ | नारी दिवस, खेलकुद, कला संस्कृती जगेना , चौडेल आ.वि.र मालिका प्रा.वि. लाई अनुदान कार्यक्रम | ३५०००० |
| | **जम्मा** | ७५०००० |

## वन तथा वातावरण तर्फ

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | बजिर कामीको घर पछाडी नदी कटान हुने ठाउमा पक्की वाल निर्माण | २००००० |
| | जम्मा | २००००० |

## संस्थागत विकास तथा शुसाशन तर्फ

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| २ | कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च | ५००००० |
| | जम्मा | ५००००० |

| | | |
|---|---|---|
| | जम्मा | १००००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ३ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

## पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | पिकनिक स्पटमा पार्किंग स्थल निर्माण जुरपानी | ३००००० |
| २ | सृष्टिनगर देखि बरैया सम्म दरख सुखड खानेपानी तथा सरसफाई उ. स. सुखड संगको सहकार्यमा खानेपानी बिस्तार | ६००००० |
| ३ | खानेपानी तथा सरसफाई आयोजना बिस्तार भोजपूर जुरपानी | ६००००० |
| ४ | बगुलिया सिंचाई बोरिंग निर्माण | ३५०००० |
| ५ | बरैया सिंचाई बोरिंग | ३५०००० |
| ६ | चौकिदार चौधरीको घर देखि पछाडी स्लेब करभर्ट निर्माण जुरपानी | ५००००० |
| ७ | भिरखौहा नालामा स्लेबकलभर्ट निर्माण निम्दी | ५००००० |
| ८ | मोहन्याल आ. वि. नारायणपुर देखि डोडा नदी सम्म र सिकरान टोल दल ब. बिष्टको घर देखि उत्तर करबसिनिया टोल | ६००००० |
| ९ | सिताराम चौधरीको घर देखि दरख एकेडेमी सम्म माटो पटानी र ग्राभेल निम्दी | २००००० |
| १० | पनफेकुवा देखि हमाल टोल जाने बाटो माटो पटानी तथा ग्राभेल | ३००००० |
| ११ | कन्हैलाल थारुको घर देखि बुधराम चौधरीको तथा बुद्धि सिंह चौधरीको घर देखि गंगा राम चौधरीको घर सम्म माटो पटानी र ग्राभेल | ७००००० |

| | | |
|---|---|---|
| १२ | भोजपुर कलभर्ट देखि सुतहिया ताल सम्म माटो पटानी र ग्राभेल | ७००००० |
| १३ | कुमाल टोल बगुलिया देखि गणेश ईट्टा भट्टा जाने सडक निर्माण तथा ग्राभेल | ९००००० |
| १४ | वडा स्तरीय खेलकुद कार्यक्रम | ५०००० |
| १५ | मन प्रसाद पाण्डेयको घर देखि बौराहा नाला सम्म र सरस्वती आ. वि देखि मेघ सिंह बोहरा को घर सम्म र जेहर सिंह बोहराको घर सम्म माटो पटानी र ग्राभेल | ५००००० |
| १६ | चौरहट्ठी चोक देखि सुवरखाल सम्म जाने बाटो ग्राभेल | ३००००० |
| १७ | अलुहान घर नजिक स्लेब कलभर्ट निर्माण | ५००००० |
| | **जम्मा** | ७९५०००० |

## सामाजिक विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | टोलको नाम |
|---|---|---|
| १ | सरस्वती आ. वि. निम्दी मर्मत सम्भार तथा गार्डेन निर्माण | १५०००० |
| २ | शिवमन्दिर शौचालय निर्माण निम्दी | १५०००० |
| ३ | शिवमन्दिर घेरबार निर्माण बरैया | १५०००० |
| ४ | समैजी आ. वि. जुरपानी कम्प्युटर खरिद तथा वितरण | २००००० |
| ५ | मोहन्याल आ. वि. नारायणपुर मर्मत सम्भार तथा गार्डेन निर्माण | १५०००० |
| ६ | गंगरी आ. वि. बगुलिया कम्प्यूटर तथा प्रोजेक्टर खरिद | ३५०००० |
| ७ | समैजी आ. वि. जुरपानी घेरबार | २००००० |
| | **जम्मा** | १३५०००० |

| | | |
|---|---|---|
| | **सूशासन तथा संस्थागत विकास तर्फ** | ७००००० |

| | | |
|---|---|---|
| | **जम्मा** | १००००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ४ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

## पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सिं.नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | रजना टोलमा नाली निर्माण | ४००००० |
| २ | गणेशपूरमा बाटो निर्माण तथा ग्राबेल | ५००००० |
| ३ | माघिमा बाटो निर्माण तथा खनाई | २५०००० |
| ४ | सिम्थरीमा बाटो निर्माँण | ३००००० |
| ५ | मैतुवा भालुफाटामा बाटो निर्माण तथा खनाई | ३००००० |
| ६ | होम पाइप खरिद तथा जडान | ४५०००० |
| ७ | मल्ल राजको घर नजिक कल्भट निर्माण | ४००००० |

| | | |
|---|---|---|
| ८ | रामपूरमा बाटो निर्माण तथा खनाई | ३००००० |
| ९ | जनकपूरमा बाटो निर्माण तथा खनाई | ३००००० |
| १० | सामुदायिक भवन निर्माण | २००००० |
| ११ | जनकपूरमा धारा निर्माण | २००००० |
| १२ | सिता कुण्ड स्कुलको गेट निर्माण | २००००० |
| १३ | जनकपूरमा बाटो ग्राबेल वर्षायाममा | १५०००० |
| १४ | कार्यालय भवन निर्माण | ६५००००० |
| | **जम्मा** | १०४५०००० |

## सामाजिक विकास तर्फ

| क्र.सं. | योजना हरुको नाम | रकम रु. |
|---|---|---|
| १ | सुत्केरी आमा भेटघाट कार्यक्रम | ५०००० |
| २ | विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन | १००००० |
| ३ | बाटो किनारमा बृक्षरोपण तथा संरक्षण | १००००० |
| ४ | लागु औषधी सेवन तथा छाउपडी विरुद्द जनचेलना मुलक कार्यक्रम | ५०००० |
| ५ | खेलकुद | ५०००० |
| ६ | विद्यालयलाई आर्थिक सहायता | २५०००० |
| ७ | रामशिखरझाला स्वास्थ्य चौकि सामान खरिद | १५०००० |
| | **जम्मा** | ७५०००० |

## आर्थिक विकास तर्फ

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | महिला तथा अपांग दिबस | ५०००० |
| २ | सिता कुण्ड मन्दिर निर्माण तथा मर्मत | २५०००० |
| | जम्मा | ३००००० |

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च | ५००००० |
| | जम्मा | ५००००० |

| | | |
|---|---|---|
| | जम्मा | १२०००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ५ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

### पूर्वाधार विकास तथा निर्माण तर्फ

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | स्थान | रकम रु. |
|---|---|---|---|
| १. | सरैया गाउं बाटो मर्मत | घो.न.पा.५,सरैया गाउ | ३००००० |
| २. | सिर्जना टोल बाटो ग्राबेल | घो.न.पा.५,सिर्जना टोल | ४००००० |
| ३. | मोहन देव भट्टको घर देवी जनप्रिय आ.वि.ग्राबेल | घो.न.पा.५, श्री जनप्रिय आ.वि., फाराम | ४००००० |
| ४. | वनखेत चौक देखि सुखड जाने बाटो ग्राबेल | घो.न.पा.५, वनखेत | ६००००० |
| ५. | देवकलिया जित बहादुर चौधरीको घर देखि राजारामको घर सम्म बाटो ग्राबेल | घो.न.पा.५, देवकलिया | ४००००० |
| ६. | भगडी पर्खाल निर्माण | घो.न.पा.५, भगडी | २००००० |
| ७. | त्रिवेणी टोल बाटो ग्राबेल | घो.न.पा.५, देवकलिया | ३००००० |
| ८. | शिव मन्दिर देखि कडेलको घर सम्म माटो पटानी | घो.न.पा.५, सेउकलिया | २००००० |
| ९. | सोलार जडान | घो.न.पा.५, श्री जनप्रिय आ.वि., फाराम | ११०००० |
| १०. | सोलार जडान | घो.न.पा.५, श्री जनता आ.वि., सरैया | ११०००० |
| ११. | सोलार जडान | घो.न.पा.५, श्री पचघरा आ.वि., राजिपुर | ११०००० |
| १२. | बाटो ग्राबेल | घो.न.पा.५, डोडा | ४००००० |
| १३. | बाटो ग्राबेल | घो.न.पा.५, चोड्गालीपुर | ३००००० |
| १४. | मटियारी टोल नयां बाटो निर्माण | घो.न.पा.५, शितलपुर | ५००००० |
| १५. | वडा कार्यालय भवन निर्माण | बनखेत | ६५००००० |
| | जम्मा | | १०८३०००० |

### खानेपानी तर्फ

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | स्थान | रकम रु. |
|---|---|---|---|
| १. | अर्टिजन धारा | घो.न.पा.५,शितलपरु | २००००० |
| २. | अर्टिजन धारा | घो.न.पा.५,फाराम | २००००० |
| ३. | अर्टिजन धारा | घो.न.पा.५,श्री जनता आ.वि.,सरैया | २००००० |
| | जम्मा | | ६००००० |

### संस्थागत विकास तर्फ

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | स्थान | रकम रु. |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | | ५७०००० |
| | जम्मा | | ५७०००० |

| | | | |
|---|---|---|---|
| | जम्मा | | १२०००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ६ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

### पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | प्रदेशि चौधरीको घर नजिक मछि खोलामा कल्भट निर्माण | १०००००० |
| २ | वडा न. ६ प्रवेश द्धार गेट निर्माण बसन्ता चौराहा | ३००००० |
| ३ | मर्मत सम्भार भैपरी समेत | ७००००० |
| ४ | होम पाईप खरिद | ४००००० |
| ५ | कार्यालय भवन निर्माण | ६२३०००० |
| | **जम्मा** | ८६३०००० |

### सामाजिक विकास तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | सरस्वाती आ.वि. संचालन तथा व्यवस्थापन अनुदान | ३००००० |
| २ | बडातडो आ.वि. संचालन तथा व्यवस्थापन | ३००००० |
| ३ | प्रस्सुती गृह संचालन तथा व्यवस्थापन (प्रतिखेत) | ६००००० |
| ४ | उद्यान निर्माण राजीकुना | ४००००० |
| ५ | खानेपानी पाईप लाइन विस्तार रति कामी को टोलमा | १००००० |
| ६ | शिव मन्दिर निमार्ण बसन्ता | ८००००० |
| ७ | चाडर्पव सङचालन तथा व्यवस्थापन खर्च | ५०००० |
| | **जम्मा** | २५५०००० |

### आर्थिक विकास तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | सिचाई नहर निर्माण लालिगुरास महिला समुह बसन्ता | २००००० |
| | **जम्मा** | २००००० |

### वन तथा वातावरण तर्फ :

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | बन्दरखाल शिविरमा तट्बन्धन | २००००० |
| २ | झरझरिया खोलमा तट्बन्धन खेत टोल | १५०००० |
| ३ | संस्थागत विकास तथा सुशासन | ५००००० |
| | **जम्मा** | ८५०००० |

| | | |
|---|---|---|
| | **जम्मा** | १२२३०००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ७ को वडा समितिको बैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

### पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | स्थान | रकम रु |
|---|---|---|---|
| १ | बालकल्याण आ. वि. करैचा र कण्ठेश्वर आ. वि किर्तिपूरमा निजि शिक्षकको तलव व्यवस्थापन ३/३ लाख गरी | करैचा र किर्तिपुर | ६००००० |
| २ | करन चिमालाको घर देखि जुग राम चौधरीको घर हुदै उत्तर वडा कार्यालय जाने बाटो हर्क कडायतको घर सम्म सडक स्तरोन्नती सहित वडा कार्यालय ( करैचा जाने मूल बाटो) सम्म ग्राभेल | करैचा हरिनगर | १०००००० |
| ३ | तिलक बोहराको घर देखि पश्चम सूरेश खडकाको घर सम्म माटो पटानी र ग्राभेल | किर्तिपूर | ४००००० |
| ४ | जुगराम चौधरीको घर देखि जंगे धामीको घर सम्म माटो पटानी र ग्राभेल | किर्तिपूर | ६००००० |
| ५ | वडा नं. ३ को सिमाना सम्म सडक स्तरोन्नती सहित ग्राभेल | हरिनगर | ५००००० |
| ६ | वडा कार्यालयको पश्चिम दक्षिण तर्फ पक्की वाल निर्माण, कार्यालय परिसर भित्रको नया सडक ग्राभेल र माटो फिलिंग गर्ने | हरिनगर | १२००००० |
| ७ | वडा कार्यालय हाता भित्र २ कोठे पक्की शौचालय निर्माण र टंकी जडान गर्ने | हरिनगर | ७००००० |
| ८ | कार्यालय भवन निर्माण | हरिनगर | ६५००००० |
| | जम्मा | | ११५००००० |

### संस्थागत विकास तर्फ :

| | | | |
|---|---|---|---|
| ८ | कार्यालय व्यवस्थापन सम्बन्धी खर्च | | ५००००० |
| | जम्मा | | ५००००० |

| | | | |
|---|---|---|---|
| | जम्मा | | १२०००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ८ को वडा समितिको बैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

### पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | कालो पत्रे सडक (वडा नं.८ को सिमाना देखि सुखड लठुवा सडक) | ५५०००००० |
| २ | वडा कार्यालय भवन व्यवस्थापन अनुग्रह आ. वि तिल्केनी | २५०००००० |
| ३ | दिपनगर शिवपुर सडक ग्रावेल | ४००००० |
| ४ | लठुवा मैनापोखरी सडक ग्रावेल | ५००००० |
| ५ | आँमफाँटा शिविर भित्रि सडक ग्रावेल | ५००००० |
| ६ | कल्जुगी सडक ग्रावेल | ५००००० |
| ७ | तिल्केनी शिविर सडक ग्रावेल | १५००००० |
| ८ | जरही सडक ग्रावेल | ५००००० |
| ९ | वडा नं.८ मा सडक मर्मत | १५००००० |
| | **जम्मा** | १०७०००००० |

### सामाजिक विकास तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | खेलकुद | ७०००० |
| २ | चाडपर्व | ३०००० |
| ३ | आँमफाँटा चर्च | ५०००० |
| ४ | लठुवा चर्च | ५०००० |
| ५ | आँमफाँटा शिविर मरुवा | ७५००० |
| ६ | तिल्केनी शिविर मरुवा | ७५००० |
| ७ | मोहन्याल मन्दिर | १५०००० |
| | **जम्मा** | ५००००० |

### आर्थिक विकास तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | जगत बहादुर गुरुङ्ग घर नजिक वोरिङ्ग | १५०००० |
| २ | जंग बहादुर चौधरीको घर नजिक वोरिङ्ग | १५०००० |
| ३ | डुडापारी ठगीसरा ओलीको घर नजिक वोरिङ्ग | १५०००० |
| ४ | कल्जुगी विष्णु खनालको घर नजिक वोरिङ्ग | १५०००० |
| | **जम्मा** | ६००००० |

**सुशासन तथा संस्थागत विकास तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | संस्थागत सेवा प्रवाह तथा कार्यालय सञ्चालन | ६००००० |
| | जम्मा | १२५००००० |

**आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ९ को वडा समितिको बैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण**

**पूर्वाधार विकास तथा निर्माण तर्फ :**

| सि.नं. | योजनाका नामहरु | रकम |
|---|---|---|
| १ | बोरिङ्ग जडान वडा का विभिन्न ठाउमा ८ वटा | ८००००० |
| २ | अटोमेटी धारा वडा भित्र ४ वटा | १२००००० |
| ३ | पुरानो बाटो मर्मत सम्भार वडा भित्र | ९५०००० |
| ४ | रामगढ आमफाँटा खल्लामा सिचाई बाध | ७००००० |
| ५ | दान बहादुर थापाका घर नजिक कल्भर्ट निर्माण | ४००००० |
| ६ | जनजाती भवन निर्माण शिखरझाला | २५०००० |
| ७ | बल रोकायाको घर नजिक जाली सहितको होमपाईप जडान | ३००००० |
| ८ | भवन निर्माण | ६१२५००० |
| | जम्मा जम्मी रकम | १०७२५००० |

**सामाजिक विकास तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | मोहन्याल प्रा.वि. मा घेरबार | २००००० |
| २ | खोपकेन्द्रमा शौचालय निर्माण | ८०००० |
| ३ | महिला शशक्तिकरण कार्यक्रम | १००००० |
| ४ | वडा स्तरीय खेलकुद सहित खेल मैदान निर्माण | २००००० |
| ५ | सुतकेरी आमा भेटघाट कार्यक्रम | १००००० |
| | जम्मा | ६८०००० |

**आर्थिक विकास तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | वडाको प्रोफाईल निर्माण बृत्तचित्र सहित | २०००००० |
| २ | लक्षित वर्गका युवाहरुको लागि हेयरकटिङ तालिम | १५००००० |
| | **जम्मा** | ३५००००० |

**सुशासन तथा संस्थागत विकास तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | संस्थागत सेवा प्रवाह तथा कार्यालय सञ्चालन | ३७००००० |

| | | |
|---|---|---|
| | जम्मा | १२१२५००० |

**आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. १० को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण**

**पूर्वाधार विकास तथा निर्माण तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | घुम्नीभाकल थारु चोक तथा समसान घाट सम्म बाटो पटानी तथा ग्राईबिल | ७००००० |
| २ | लठैया धनिराम को घर देखि तिनकुने सम्म माटो पटानी तथा ग्राईबिल | ६००००० |
| ३ | भिरोखा चक्र शाहको घर देखि बुलबुले भवन सम्मा माटो पटानी तथा ग्राईबिल | ६००००० |
| ४ | अमखोहिया काठे पुल देखि पतिरामको घर सम्मा र चोक देखि जंगल सम्मा बाटो निर्माण तथा ग्राईबिल | ६००००० |
| ५ | राजमार्ग देखि खल्ला हुदै तुलसीपुर सम्मा माटो पटानी तथा ग्राईबिल | ४००००० |
| ६ | ठेवै जनकल्याण देखि टेकराज भण्डारीको घर सम्मा माटो पटानी तथा ग्राईबिल | ४००००० |
| ७ | अमखोहिया शिबिर जाने बाटो ग्राईबिल | २५०००० |
| ८ | भागेश्वर हल देखि बास्तोलाको घर सम्मा बाटो ग्राईबिल | २००००० |
| ९ | कार्यालय भवन निर्माण | ६५००००० |
| | **जम्मा** | १०२५०००० |

**आर्थिक विकास तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | तरकारी खेति प्रर्वधन र्कायकम | २००००० |
| | जम्मा | २००००० |

## सामाजिक विकास तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | बालबालिका तथा महिला कार्यक्रम | ५०००० |
| | जम्मा | ५०००० |

## संस्थागत विकास तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | मर्मत सम्भार | १०००००० |
| २ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ५००००० |
| | जम्मा | १५००००० |

| | | |
|---|---|---|
| | जम्मा | १२०००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. ११ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

## पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | जवलपुर कन्द्रा नदी ठोक्कर निर्माण उत्तर | ५००००० |
| २ | जवलपुर कन्द्रा नदी ठोक्कर निर्माण पूर्व | ५००००० |
| ३ | कन्द्रा नदी ठोक्कर निर्माण तप्पा उत्तर | ५००००० |
| ४ | कन्द्रा नदी ठोक्कर निर्माण तप्पा पुर्व | ५००००० |
| ५ | मुर्गहुवा कन्द्रा नदी ठोक्कर निर्माण पुर्ब | ५००००० |
| ६ | मुर्गहुवा कन्द्रा नदी ठोक्कर निर्माण उत्तर | ५००००० |
| ७ | अम्बासा कन्द्रा नदी ठोक्कर निर्माण मेला मैदान उत्तर | ५००००० |
| ८ | अम्बासा कन्द्रा नदी ठोक्कर निर्माण पुर्ब | ५००००० |
| ९ | अम्बासा कन्द्रा नदी ठोक्कर निर्माण सिरान | ५००००० |
| १० | सिशैया कन्हैयालालको घर नजिक कन्द्रा नदी ठोक्कर निर्माण | ५००००० |
| ११ | सिशैया छेदालाल को घर नजिक कन्द्रा नदी ठोक्कर निर्माण | ५००००० |
| १२ | अम्बासा मेलामैदान देखी सिमलको रुख सम्मा बाटो ग्राबेल | २५०००० |
| १३ | बाटो ग्राईबिल तप्पा सोगियान घरको उत्तर | २५०००० |
| १४ | तप्पा चक्रहान घर देखि पश्चिम कल्भट सम्मा बटो ग्राईबिल | ३००००० |
| १५ | तिलकहनीपुर बाटो ग्राईबिल | ३५०००० |
| १६ | बसन्तपुर कल्र्भट छेउमा ततबन्धन तथा रानाको घर सम्म ग्राभेल | ३५०००० |

| | | |
|---|---|---|
| १७ | कालिकोट टोल जाने बाटोमा ह्युमपाईप देखि माथि बाटो ग्रवेल | २५०००० |
| १८ | भलैवा हक्कु चोक देखि भट्टराइको घर सम्म बाटो मर्मत | २५०००० |
| १९ | पहलमानपुर लालबोभि सडक खण्ड मर्मत | ४००००० |
| २० | मर्मत सम्भार | ७५०००० |
| | **जम्मा** | ८६५०००० |

## सामाजिक विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | खानेपानी लाईन विस्तार वडा कार्यालय सम्म | १००००० |
| २ | मठमन्दीर मर्मत मुर्गहवा | २००००० |
| ३ | नारी दिवश | ५०००० |
| ४ | दशरथ बाल विकास घेरबार तथा मर्मत | ३००००० |
| ५ | युवायुवती खेलकुद कार्यक्रम | १००००० |
| | **जम्मा** | ७५०००० |

## आर्थिक विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | बेमौसमी तरकारी खेती वडा नं. ११ का महिलाहरु | १५०००० |
| २ | महिला नेतृत्व कार्यक्रम | ५०००० |
| | **जम्मा** | २००००० |

## संस्थागत विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| .१ | इन्धन | ५०००० |
| | कार्यालय व्यवस्थान तर्फ | ३५०००० |
| | **जम्मा** | ४००००० |

| | | |
|---|---|---|
| | **जम्मा** | १०००००० |

## आ. व. २०७६/७७ को लागि घोडाघोडी नगरपालिका वडा नं. १२ को वडा समितिको वैठकमा पारित योजना तथा कार्यक्रमहरुको विवरण

### पूर्वाधार विकास तथा निर्माण तर्फ :

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | वडा कार्यालय निर्माण | ६५००००० |
| २ | मर्मत सम्भार | १०००००० |
| | जम्मा | ७५००००० |

### वन वातावरण तथा विपत व्यवस्थापन तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | एक घर २ बोट तथा सामुदायीक बन क्षेत्रभित्र तारघेरबार भएको क्षेत्रमा बृक्षारोपण | २००,००० |
| २ | भान्सा नै औषधालय कार्यक्रम | २००,००० |
| | जम्मा | ४००,००० |

### सुशासन र व्यवस्थापन विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| | सुशासन र सस्थागत विकास तर्फ | ५००,००० |
| | जम्मा | ५००,००० |

### सामाजिक विकास तर्फ

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु. |
|---|---|---|
| १ | श्री बाल प्रा. वि. खोपा तथा रा.मा.वि. नकफोडुवा शिक्षक तथा विद्यालय व्यवस्थापन | १५००००० |
| २ | गाँउ घर क्लिनीक संचालन तथा व्यवस्थापन | ५०००० |
| ३ | बाल विबाह न्यूनीकरणको लागि जन्म दर्ता प्रोत्साहन कार्यक्रम | २००००० |
| ४ | आदीवासी, जनजाती, दलित अपाङ्ग, मुक्तकमलरी, एकल महिला, द्वन्द्ध पिडीत, जेष्ठ नागरिक लक्षीत कार्यक्रम | २९०००० |
| ५ | युवाहरुलाई खेलकुद सामाग्री सहयोग तथा प्रशिक्षण | ६०००० |

| | | |
|---|---|---|
| ६ | कम्प्युटर तालिम | १००००० |
| ७ | वडा स्तरिय खेलकुद आयोजना | १००००० |
| ८ | वडा भित्र प्रत्येक गाउमा धारा निर्माण | ४००००० |
| ९ | अन्तराष्ट्रिय नारी दिवस आयोजना कार्यक्रम | ५०००० |
| १० | सिलाई कटाई लेभल २ | १००००० |
| ११ | पौराणिक सिपकलालाई आधुनीक सिपकलामा रुपान्तरण | १५०००० |
| | **जम्मा** | ३०००००० |

**आर्थिक विकास तर्फ :**

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम र टोल | रकम रु |
|---|---|---|
| १ | व्यवसायमुलक बेमौसमी तरकारी खेती सहयोग | ५००००० |
| २ | कृषी उपज संकलन व्यवस्थापन | १००००० |
| | **जम्मा** | ६००००० |

| | | |
|---|---|---|
| | **जम्मा** | १२,०००,००० |

## आ. व. २०७६/०७७ को प्रति वडा कार्यालयको वार्षिक संचालन तथा प्रशासनिक चालु खर्च बजेटको अनुमानित विवरण

| खर्च संकेत नं. | खर्च शिर्षक | केन्द्रको (रू. हजारमा) |
|---|---|---|
| २२१११ | पानी तथा विजुली | ६०.०० |
| २२११२ | संचार महसुल | १२.०० |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | १८.०० |
| २२२९१ | संचालन तथा मर्मत सम्भार खर्च | ३६.०० |
| २२३११ | मसलन्द कार्यालय सामाग्री | ४०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकासन खर्च | १२.०० |
| २२६१२ | भ्रमण खर्च | १५०.०० |
| २२७११ | विविध खर्च | ६०.०० |
| २२२९१ | सवारि साधन मर्मत खर्च | ५०.०० |
| | कुल जम्मा | ४३८.०० |

# आ. व. २०७६/०७७ को वडा कार्यालयहरूको वार्षिक जम्मा प्रशासनिक चालु खर्च बजेटको अनुमानित विवरण

| खर्च संकेत नं. | खर्च शिर्षक | केन्द्रको |
|---|---|---|
| २२१११ | पानी तथा विजुली | ७२०.०० |
| २२११२ | संचार महसुल | १४४.०० |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | २१६.०० |
| २२२९१ | संचालन तथा मर्मत सम्भार खर्च | ४३२.०० |
| २२३११ | मसलन्द कार्यालय सामाग्री | ४८०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकासन खर्च | १४४.०० |
| २२६१२ | भ्रमण खर्च | १८००.०० |
| २२७११ | विविध खर्च | ७२०.०० |
| २२२९१ | सवारि साधन मर्मत खर्च | ६००.०० |
| | कुल जम्मा | ५२५६.०० |

# आ.व. २०७६।०७७ मा घोडाघोडी नगरपालिकाको सुचना प्रविधि क्षेत्रको विकास बजेट विवरण

| क्र.सं. | शीर्षक | कार्यान्वयन हुने स्थान र संख्या | रकम (रू. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | इन्ट्रानेट, इन्टरनेट व्यवस्थापन | १२ वडा | १५०००० | वडा नं. ५, ६, ७, ९, ११, १२ |
| २ | सर्भर सिस्टम | १ | १०००००० | |
| ३ | वेव एस एम एस (स्वास्थ्य, शिक्षा, नगरपालिका) | एकमुष्ट | ५०००० | |
| ४ | डिजिटल सुचना पाटी | वडा कार्यालय | ७००००० | |
| ५ | डिजिटल नागरिक वडापत्र | वडा कार्यालय | १२००००० | |
| ६ | यल्लो पेज निर्माण | | ४५०००० | |
| ७ | टाईमलाईन | | ७५०००० | |
| ८ | Smart Alert System | | ५००००० | |
| ९ | Audio And Signage Board | | २००००० | |
| १० | **सूचना केन्द्र व्यवस्थापन** | | ० | |
| ११ | नक्सा पास सफ्टवेयर संचालन तथा खरिद | | ६००००० | |
| १२ | सिसिटिभि जडान | | १००००० | |
| १३ | फ्रि वाईफाई जोन | | १००००० | |
| १४ | अध्यावधिक | | २००००० | |
| | जम्मा | | ६०००००० | |

## घोडाघोडी नगरपालिकाको आ.व. २०७६/०७७ को न्यायीक समितिको बजेट विवरण

| क्र. स. | सञ्चालन गरीने कार्यक्रम | लागत रकम रु | कैफियत |
|---|---|---|---|
| १ | न्याय सम्पादन तथा व्यवस्थापन | ७५०००० | |
| २ | न्यायीक समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम | ५००००० | |
| ३ | न्याय इजलास व्यवस्थापन खर्च | ३००००० | |
| ४ | कानुनी सहायता परामर्श कार्यक्रम | ५००००० | |
| ५ | कार्यपालिका पदाधिकारीहरुलाई कानुनी तालिम संचालन | २५०००० | |
| ६ | विविध खर्च | २००००० | |
| | **जम्मा** | २५००००० | |

## आ.व. २०७६/०७७ मा घोडाघोडी नगरपालिकाको सुचना प्रविधि क्षेत्रको विकास बजेट विवरण

| क्र.सं. | संघसंस्था | कार्यक्रम | रकम (रू. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | फाया नेपाल | सुअहारा दोश्रो | १३८४३८८ | |
| २ | एस. ओ. एस. बालग्राम | परिवार सवलिकरण कार्यक्रम | ८९३७१०४ | |
| ३ | महिला पुनर्स्थापना केन्द्र ( ओरेक) | लैंगिक समानता र महिला सशक्तिकरण | ११२३८०५ | |
| ४ | व्याकवार्ड सोसाइटी एजुकेशन (बेस) | सिमान्तकृत बालिकाहरूको शिक्षा सहयोग परियोजना (STEM-II) | ३९८४६६० | |
| ५ | परिलक्षित (Forward Looking) | अपांगता सम्बन्धी कार्यक्रम | ६६५४४२ | |
| | | **जम्मा** | १६०९५३९९ | |

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नु हुने आदरणीय नगर प्रमुख ज्यु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, विषयगत समितिका संयोजक ज्यहरु, वडा अध्यक्ष ज्युहरु, नगरकार्यपालिका सदस्य ज्युहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। बजेट तर्जुमा गर्दा सुझाव दिनु हुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यु, निजी क्षेत्र, सहकारी क्षेत्र, शिक्षक तथा प्राध्यापक, सञ्चारकर्मी लगायत नागरिक समाजका व्यक्तित्वहरु प्रति आभार व्यक्त गर्न चाहन्छु। यस नगरपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउने सम्पुर्ण करदाता, राष्ट्रिय तथा स्थानीय स्तरका विकास साझेदार प्रति आभार प्रकट गर्न चाहन्छु।

अन्त्यमा, अगामी वर्षको यो बजेट कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहने अपेक्षा गरेको छु। साथै नगरपालिका भित्र र बाहिर रहनु भएका सबै नगरबासीलाई सबल, समृद्ध र न्यायपुर्ण नगरपालिका निर्माणको यस महान यात्रामा सहभागी हुन आह्वान गर्दछु।

धन्यवाद।

# नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली
सूदुरपश्चिम प्रदेश, नेपाल

## आर्थिक विधेयक २०७६

**घोडाघोडी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावनाः**

घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीयभएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम घोडाघोडी नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम आर्थिक ऐन २०७६ रहेको छ ।

(२) यो ऐन २०७६ साल साउन १ गते देखि घोडाघोडी नगरपालिका क्षेत्रमा लागु हुने छ ।

**२. सम्पति कर :**

नगरपालिका क्षेत्र भित्र अनुसुचीमा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)**

नगरपालिका क्षेत्र भित्र अनुसुचीमा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**४. घर वहाल कर :**

नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले वहालमा दिईएको भाडा सम्झौता बमोजिम १२ प्रतिशत घर जग्गा वहाल कर नगरपालिकाबाट लगाईने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :**

नगरपालिका क्षेत्र भित्र व्यपार, व्यवसाय वा पूजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचीमा उल्लेख भए बमोजिम ब्यबसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. जडिबुट,कवाडी र जीवजन्तु कर :**

| ४६७ | | आर सि.सि.ढलान घरको अन्य पिच सडकको दाया बाया बन्ने घर प्रतिवर्गफिट | ४ | ४।५ | ६ |
| ४६८ | | आर सि.सि.ढलान घरको ग्राबेल सडकमा बन्ने घरको दर प्रति वर्गफिट | ४ | ४ | ५ |
| ४६९ | | आर सि.सि.ढलान घरको कच्ची सडकमा तथा ग्रामिण क्षेत्रमा बन्ने घरको दर प्रति वर्गफिट | ३ | ३।५ | ४ |
| ४७० | | लोडवेयरिङ बनावटको ढलान घरको महेन्द्र राजमार्ग संग जोडिएको प्रतिवर्गफिट | ३।५ | ३।५ | ४ |
| ४७१ | | लोडवेयरिङ बनावटको ढलान घरको अन्य पिच सडकको दाया बाया बन्ने घर प्रतिवर्गफिट | ३ | ३ | ३ |
| ४७२ | | लोडवेयरिङ बनावटको ढलान घरको ग्राबेल सडकमा बन्ने घरको दर प्रति वर्गफिट | २।५ | २।५ | २।५ |
| ४७३ | | लोडवेयरिङ बनावटको ढलान घरको कच्ची डकमा बन्ने घरको दर प्रति वर्गफिट | २ | २ | २ |
| ४७४ | | ईटालगाई सिमेन्ट वा माटो मसलालगाई बनेका घर महेन्द्र राजमार्ग संग जोडिएको प्रतिवर्गफिट | ३।५ | ३।५ | ३।५ |
| ४७५ | | ईटालगाई सिमेन्ट वा माटो मसलालगाई बनेका घर अन्य पिच सडकको दाया बाया बन्ने घर प्रतिवर्गफिट | ३ | ३ | ३ |
| ४७६ | | ईटालगाई सिमेन्ट वा माटो मसलालगाई बनेका घर ग्राबेल सडकमा बन्ने घरको दर प्रति वर्गफिट | २ | २ | २ |
| ४७७ | | ईटालगाई सिमेन्ट वा माटो मसलालगाई बनेका घर कच्ची डकमा बन्ने घरको दर प्रति वर्गफिट | १।५ | १।५ | १।५ |
| ४७८ | ६६ | **मुचुल्का दस्तुर** | | | |
| ४७९ | | सामान्य मुचुल्का शुल्क | | | ५०० |
| ४८० | | साना व्यवशाय दर्ता मुचुल्का शुल्क | | | १००० |
| ४८१ | | ठुला व्यवशाय दर्ता मुचुल्का शुल्क (भ्याट) | | | २००० |

# घोडाघोडी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## सुखड, कैलाली
# विनियोजन ऐन २०७६

**घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**

घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाटरकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम : “घोडाघोडी नगरपालिकाको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७६।०७७ को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७४,५९,०६,५५३.००/- (अक्षेरुपी रु. चौहत्तरकरोड उनन्साठी लाख छ हजार पाँच सय त्रिपन्न मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६र०७७ को निमित्त नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

# घोडघोडी नगरपालिकाको कार्यालय

सुख्खड, कैलाली

## नीति तथा कार्यक्रम २०७६/०७७

### क. पुर्वाधार विकास

### १. सडक यातायात तथा विद्युत

१. चालु आ. व. २०७५/०७६ मा यस नगरपालिकाको नगर यातायात गुरुयोजना तयार भई सकेको हुँदा आगामी आ. व. बाट नगर यातायात गुरुयोजना लागु गरिने छ।

२. नगर क्षेत्र भित्र निर्माण गरिने घरको घरनक्सा जाँचपास कार्यलाई डिजिटिलाईजेशन प्रणाली अवलम्बन गरि सुचारु गरिने छ।

३. नगर क्षेत्रमा सडक सञ्जाल बिस्तार गरिने छ। सडक सञ्जाल विस्तार गर्दा कालो पत्रे कार्यलाई उच्च प्राथमिकतामा राखिने छ।

४. स्थानीय जनप्रतिनिधि तथा सरोकार समुहलाई उपभोक्ता समिति गठन पुर्व योजना तथा उपभोक्ता समितिलाई योजना कार्यान्वयनको नीतिगत व्यवस्थाका लागी तालिम सञ्चालन गरिने छ।

५. नगर विकासका लागी आ.व. २०७६/०७७ प्रमुख योजनाहरुको पहिचान गरी डि.पी.आर.तयार गरिनेछ। साथै उक्त योजनाहरुलाई नगरको गौरवमुखी योजनाको रुपमा विकास गरी कार्यान्वयन गर्ने नीति लिईने छ।

६. नगरपालिका भित्र विद्युत सेवा विस्तार हुन नसकेका वडा तथा टोलहरुमा विद्युत सेवा विस्तारका लागि पहल गरिने छ।

७. आवश्यक स्थलहरुमा पुल पुलेसा निर्माण गरि नगरपालिकाका १२ वटै वडालाई जोडने गरि चक्रपथ निर्माण कार्यको थालनी गरिने छ। बनी सकेका सडकहरुको स्तरोन्नती गरिने छ।

८. नगरपालिकाको सीमाना अद्यावधिक गर्न सीमामा प्रवेशद्धार, स्तम्भ तथा सीमाना बोर्ड राखिने छ।

९. सडकलाई सधै उज्यालो राख्न तथा सर्वसाधारण जनतालाई सडकमा हिडन सजिलो बनाउनका लागि सडक सौर्य वत्तिको व्यवस्था गर्दै लगिने छ।

१०. सडकलाई आर्कषक तथा सफा सुन्दर बनाउन सडक छेउमा फलफुल विरुवा रोप्ने कार्य गरिने छ।

११. मूल सडक निमार्ण गर्दा २० मिटर र शाखा सडक १० मिटर र प्लटिङ सडकमा ६ मिटर बाटोमा मात्र नगरपालिकाका योजनाहरु कार्यान्वयन गरिने छ।

१२. यस नगरको हरेक वडा सम्म सार्वजनिक यातायातको पहुँच पुर्याउन यातायात व्यवसायी सँग

समन्वय गरि नगरपालिका भित्र नगर वस सञ्चालनमा ल्याइने छ।

१३. नगरपालिका भित्र उपयूक्त स्थल छनोट गरि वसपार्क निर्माण गरिने छ।

१४. नगर गुरुयोजनामा उल्लेख भए बमोजिम सार्वजनिक स्थलहरु निर्माण गर्दै लगिने छ।

**२. शहरी बिकास तथा योजना**

१. एकिकृत शहरी विकास योजना (IUDP) को तयारी अन्तिम चरणमा रहेको र यसै योजना अनुरूप क्रमशः शहर विकास गर्दै लगिनेछ ।

२. जग्गा अधिग्रहन (Land Pooling) गरी नगरका विषेश ठाउँहरूमा व्यवस्थित शहरिविकास योजना लागु गरिनेछ।

३. यस चालु आ.व.देखि नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा (Pre-Project र Post Project Photo) को नीति अवलम्बन गरिनेछ।

४. यस चालु आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ।

५. पर्यटन प्रवर्द्धनका लागि यस नगरपालिकाको विभिन्न तालमा Water Park निर्माण गर्नका लागि अध्ययन थालिने छ।

६. मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याईनेछ।

७. घोडाघोडी नगरलाई स्मार्ट सिटी बनाउने लक्ष्यका साथ सोको लागि आवश्यक पर्ने कार्यक्रमहरु तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

८. अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्न अध्ययन गरिनेछ।

**ख. आर्थिक विकास**

**१. कृषि तथा पशु विकास**

१. खाद्यान्न बालीको उत्पादन र उत्पादकत्वो बृद्धि गर्न चैते धान तथा मकै बाली खेतिलाई प्रोत्साहन गरिनेछ।

२. यस नगरपालिकाभित्र कृषि तर्फ युवाहरूलाई अकर्षित गर्न युवालाई लक्षित विषेश कार्यक्रम सञ्चालन गरिनेछ।

३. विभिन्न वडाहरुको सम्भाव्यता अध्ययन पश्चात एक वडा एक कृषि वस्तु उत्पादन विषेश कार्यक्रमको थालनी गरिनेछ।

४. कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवशायीकरण लाई मध्य नजर गरि कृषक समुह सहकारीहरुको साझेदारीमा मागमा आधारित साना अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषकहरुले उत्पादन गरेको कृषि उपजको बजार सुनिश्चित गर्न कृषि संकलन केन्द्र तथा हाटबजार सञ्चालनमा ल्याईनेछ।
६. कृषकहरुलाई प्रदान गर्दै आएको बिउविजन कार्यक्रम लाई निरन्तरता दिईने छ।
७. सिचाई योग्य जमिनको अधिकतम उपयोगका लागी साना सिचाई बिषेश कार्यक्रम सञ्चालन गरिने छ।
८. माटोको उर्वरा शक्ति बृदि गर्न भकारो सुधार कार्यक्रम सञ्चालन गरिने छ।
९. एक वडा एक फलफुल पकेट विकास गर्न अनुदान प्रदान गरिनेछ।
१०. उत्कृष्ट कृषि बाली उत्पादक कृषकलाई पुरष्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
११. मुक्त कमैया हलिया पिछडिएका तथा विपन्न वर्गलाई जीविकोपार्जनमा सहयोग पुग्ने गरि कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
१२. सहकारी खेतिमा बाखा, बंगुर पालन लाई प्रोत्साहन गर्न समुह, समिति मार्फतकार्यक्रम संचालन गरिने छ।
१३. पशु आहारा सुधार कार्यक्रम लाई निरन्तरता दिइनेछ।
१४. ब्यावसायिक पशु फार्म प्रवर्दन गर्न पशु पालक कृषकहरुलाई खोर सुधार तथा प्राकृतिक नश्लसुधारका कार्यमा अनुदान प्रदान गरिनेछ ।
१५. बिपन्न वर्गलाई पशु सेवामा पहुच बढाउनका लागि निशुल्क औषधि बितरण कार्य गरिने छ।
१६. एक वार्ड एक पशु फार्म संञ्चालन का लागि संम्भाव्यताका आधारमा लागत साझेदारीमा सहयोग गरिने छ ।
१७. चुरे फेदीकोसान, बाखा पालक किशान कार्यक्रम बमोजिम, बाखा श्रोत केन्द्र स्थापनाका लागी अनुदान सहयोग गरिने छ ।
१८. नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम प्रभावकारी बनाउनका लागि सप्लिकमेन्ट्री कार्यक्रम संचालन गरिने छ ।
१९. ग्रामिण कुखुरा प्रवर्दन कार्यक्रम संचालन गरिने छ ।
२०. भेडा संरक्षण कार्यक्रम संचालन गरिने छ ।
२१. एकल महिला सहयोग कार्यक्रम संचालन गरिने छ ।
२२. पशु पालन, पशु स्वास्थ्य, पशु आहारा, पशु उत्पादन तथा जुनोटिक रोग सम्बिन्धि जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ।
२३. मत्स्यपालनमा पोखरी र भुरा अनुदान सहयोग कार्यक्रम गरिने छ।
२४. हैसियत बिग्रीएका प्राकृतिक तालहरुमा मर्मत सुधार तथा भुरामा अनुदान सहयोग गरिने छ।
२५. जनशक्ति थप तथा क्षमता अभिबृद्धि गरि पशु सेवा प्रभावकारी बनाउदै लगिने छ।
२६. सरकारी अनुदान प्राप्त गरि पशु चौपाया पालन गरि रहेका कृषकहरुले चौपाया छाडा छोडेमा प्राप्त गरेको अनुदान रकम सरकारी बांकी सरह असुल उपर गरिने छ।

## २. पर्यटन

१. घोडाघोडी ताल क्षेत्रलाई प्रमुख पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ।
२. घोडाघोडी ताल क्षेत्रलाई चरा अभयआरण्य (Bird Santuary) बनाउदै लगिनेछ।
३. घोडाघोडी ताल क्षेत्रलाई संरक्षित क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।
४. घोडाघोडी तालको जैविक विविधतालाई संरक्षण र सम्बर्दन गरिनेछ।
५. पर्या पर्यटनमा जोड दिईनेछ।
६. स्थानिय धर्म, संस्कृति तथा परम्परा पर्यटन संग जोड्दै लगिनेछ।
७. स्थानिय समुदायको जिवन स्तर अभिवृद्धि गर्दै लगिनेछ।
८. घोडाघोडी मन्दिरको दिगो व्यबस्थापन गरिनेछ।
९. पर्शेनिया काललाई पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ।
१०. बुलबुले र सिताकुण्ड धार्मिक क्षेत्रलाई धार्मिक, पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ।

## ३. उद्योग तथा बाणिज्य

१. नगर भित्र साना तथा मझौला उद्योगलाई (ढकरी,दुना टपरी, मैनबत्ती, सिन्का, झाडो तथा अन्य खेलौनाका सामाग्री) स्थापित गरी उत्पादनमुलक, रोजगारमुलक वनाउन समन्वयात्मक क्रियाकलाप सञ्चालन गर्ने नीति लिईनेछ।
२. खाद्य संग सम्वन्धित साना तथा घरेलु उद्योगलाई गुणस्तर कायम गर्न प्रोत्साहन गरिनेछ र उपभोक्त हित, अधिकार र कर्तव्यका विषयमा बृहत जनचेतनामुलक कार्यक्रम संचालन गरी उद्योग विकास र उपभोक्ता हित सम्वन्धि नीति अवलम्वन गरीनेछ।
३. छरीएको पुजी लाई एकत्रित गरी साना तथा घरेलु उद्योग स्थापना गर्न अभियान संचालन गरीने छ।
४. उद्यमशिलता सम्वन्धि कार्यक्रमहरु संचालन गरी नागरीकलाई श्रम गर्ने वानिको विकास गर्न र स्वदेशमै स्वावलम्बी वन्न प्रोत्साहन गरीने कार्यक्रमहरु संचालन गरीनेछ।
५. बजार क्षेत्रलाई नियमनको घेरा भित्र लिई व्यवस्थीत वजार निर्माण गर्न बजारको सुक्ष्म अनुगमन तथा नियमनलाई जोड दिईनेछ।

## ४. सहकारी

१. सहकारी सस्था आफैमा एक स्ववलम्वी सस्था भएकोले आगामी वर्ष देखी नगर भित्रका सहकारी संस्थाहरुलाई अनुदान भन्दा क्षमता विकासमा जोड दिईनेछ, जस अन्तर्गत सहकारी सस्थाहरुलाई व्यवसायीक वनाउन व्यवसायीक योजना सम्वन्धि प्रशिक्षण, सिद्धान्त अनुसार संचालनका लागि सहकारी व्यवस्थापन तालिम, COPOMIS / PEARLS सम्वन्धि तालिम संचालन गरीनेछ।

२. सहकारी सस्था जुन उद्देश्यका लागि स्थापना भएका हुन सोही उद्देश्य अनुरुप संचालन गर्न प्रोत्साहन गरीनेछ, जसका लागि मापदण्ड भन्दा वाहिर संचालित, सहकारी सिद्धान्त र तोकीएको दायरा भन्दा बाहिर संचालित सहकारी सस्थहरुलाई सुछ्म नियमनको निति लिईने छ।

३. वचत तथा ऋण सहकारी सस्था वाहेक अन्य सहकारी सस्था वचतमा मात्र केद्रित नहोउन भन्नका लागि कृषी, पशु तथा अन्य रोजगारमुलक कार्यक्रमहरु सहकारी मार्फत संचालनमा जोड दिईनेछ, जसले स्थानिय उत्पादनमा जोड दिनेछ भने संचालित सहकारी उद्देश्य अनुसार संचालन पश्चात रोजगारी सिर्जना तथा गरीबि न्युनिकरणमा सहकारीले भुमिका निर्वाह गर्नेछ।

४. सहकारीता विकासका लागि सहकारीको संख्यामा भन्दा सहकारीको सही परीचालनमा जोड दिईनेछ, जसका लागि संचालित सहकारी हरु मध्ये एउटै उद्देश्य र क्षेत्र मिल्ने सहकारी संस्थाहरुलाई समायोजनका लागि प्रोत्साहन गर्ने नीति लिईने छ।

५. आगामी वर्ष भित्र एउटै उद्देश्यका दुई वटा सहकारी सस्थामा सदस्यता लिने प्रचलनलाई न्युनिकरण गर्न एक ब्यक्ति एक सहकारी नीति लिईनेछ।

६. नगर भित्रका सहकारीहरुले आफ्नो सिकाई आदानप्रदान गर्ने हेतुले आन्तरीक तथा वाह्य सहकारी भ्रमण कार्यक्रम संचालन गरीनेछ।

७. सहकारी मार्फत उत्पादन गरिएको कृषी उपजको बजार व्यवस्थापन गर्न कृषी हाटबजार संचालन गर्न ईच्छुक सहकारी संस्थाहरुलाई सो का लागि प्रोत्साहन तथा साझेदारी सहयोग गर्ने नीति लिईनेछ।

**५. वित्तीय क्षेत्र**

१. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गरिनेछ।

२. लेखा तथा राजश्व व्यवस्थापन सम्वन्धि सफ्टवयर अद्यावधि गरिने छ।

३. आर्थिक सुशासन तथा पारदर्शिता कायम गर्न प्रभावकारीता र औचित्यमा आधारित कार्य सम्पादन गर्ने नीति लिइने छ।

४. आर्थिक कारोवारलाई पारदर्शी एवं भरपर्दो बनाउन बैक मार्फत मात्र भूक्तानी लिनेदिने व्यवस्थालाई प्रोत्साहन गरिने छ तथा नगद कारोवारलाई निरुत्साहित गरिने छ।

५. साना पसल, घुम्ती पसल तथा ठेलागाडी पसल लाई व्यवस्थापन गरि करको दायरा भित्र ल्याइने निति अबलम्बन गरिने छ।

६. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ।

## ग. सामाजिक विकास

### १. शिक्षा

१. यस नगरपालिकाको शैक्षिक विकासका लागि नगर शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

२. प्रत्येक विद्यालयको प्रोफायल निर्माण गरि विद्यालय नक्साङ्कन गरिने छ। नक्साङ्कन बाट प्राप्त नतीजाको विश्लेषण गरि विद्यालयको व्यवस्थापन गर्दै लगिने छ।

३. जीवनोपयोगी सीप विकासका लागि प्राविधिक शिक्षामा जोड दिइने छ। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई प्रवर्द्धन गर्नका लागि विभिन्न शिक्षण सँस्था मार्फत सञ्चालन गरिएका व्यवसायिक शिक्षाको गुणस्तर वृद्धिमा जोड दिइने छ।

४. विद्यालय शिक्षालाई यूगानुकुल तथा गुणस्तरीय बनाउनका लागि शिक्षण सिकाई क्रियाकलापमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिदै लगिने छ।

५. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरुलाई नमुना विद्यालय बनाउन सहयोग उपलव्ध गराउदै लगिने छ।

६. वालवालिकाको सर्वाङ्गिण विकासका लागि नगर स्तरमा अन्तर विद्यालय प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।

७. नगर स्तरको शैक्षिक गुणस्तर सुधारका लागि परीक्षा प्रणालीमा सुधार ल्याइने छ।प्राथमिक तहको अन्तिम परीक्षा (कक्षा ५) र आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षालाई नगर स्तरमा सञ्चालन गरिने छ ।

८. परीक्षा प्रणालीलाई व्यवस्थित तथा मर्यादित बनाउनका लागि कक्षा १ देखि ७ सम्म निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन व्यवस्था मिलाइने छ।

९. प्रत्येक सामुदायिक विद्यालयले सिकाई उपलव्धी वृद्धि गर्न विषयगत तथा तहगत रुपमा सक्षमता हासिल गर्ने गरि कार्ययोजना बनाई कार्य गर्न लगाइने छ। यसका लागि विषयगत शिक्षकहरुसँग र व्यवस्थापन पक्षसंग अन्तरक्रिया सञ्चालन गरि शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइने छ।

१०. सामुदायिक विद्यालयको भौतिक निर्माण कार्यका लागि संघिय सरकार र प्रदेश सरकारसँग सहकार्य गरि कार्यक्रम कार्यान्वयन ल्याइने छ। विद्यालयको घेरवार, विद्यालय भवन मर्मत तथा फर्निचर व्यवस्थापनका कार्यहरु सञ्चालन गरिदै लगिने छ।

११. प्रारम्भिक वालविकास केन्द्रलाई आवश्यकता र उपयूक्तताका आधारमा बिस्तार तथा मिलान गरिने छ। प्रारम्भिक वालविकास केन्द्रलाई सिकाईको पूर्वाधारको रुपमा विकास गर्दै लगिने छ। बाल विकास केन्द्रमा भर्ना भई अध्ययन गर्ने बालबालिकाहरूलाई सामुदायिक विद्यालयमा भर्ना हुन प्रोत्साहित गर्न अभिभावक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१२. वालवालिकाको सिकाई उपलब्धी वृद्धिका लागि शिक्षकको क्षमता विकासका लागि आईसीटि, व्यवस्थापन सम्वन्धी शिक्षक पेसागत विकास तालिम सञ्चालन लाई प्रोत्साहन गरिने छ।

१३. विद्यालयमा शिक्षक विद्यार्थि अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरि प्र.अ. को समेत व्यवस्थापन गर्दै लगिनेछ।

१४. शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी सँस्थाहरुलाई विद्यालयको मागका आधारमा कार्यक्रम तयार पार्न लगाई कार्यान्वयन गर्न लगाइने छ।

१५. यस नगरपालिकामा सञ्चालित सस्थागत विद्यालयलयहरुको शैक्षिक गुणस्तर कायम गर्न विद्यालयको वर्गीकरण गरि सोहि अनुरुप सञ्चालन गर्न अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

१६. यस नगर भित्रका सबै विद्यालयको सञ्चालन, व्यवस्थापन, रेखदेख र कार्यमा प्रभावकारीता ल्याउनका लागि विद्यार्थी, अभिभावक, शिक्षक तथा व्यवस्थापन समितिलाई जवाफदेहि बनाउन समन्वयात्मक छलफल गरी अनुगमन प्रर्णालीलाई प्रभावकारी पारिने छ।

१७. घोडाघोडी नगरपालिकालाइ साक्षर नगरको रुपमा विकास गर्न अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ साथै हरेक घर परिवारले आफ्नो घरका सदस्यलाई आर्थिक वर्ष सुरु भएको ६ महिना भित्र अनिवार्य साक्षर गर्नुपर्ने नीति लिइने छ। तत पश्चात नगरपालिकालाई यसै वर्ष भित्र साक्षर नगर घोषणा गरिने छ।

१८. गुणस्तरीय उच्च शिक्षा प्राप्तीका लागि यस नगरपालिकामा सञ्चालित क्याम्पसहरुसँग समन्वय गरि कार्यक्रम सञ्चालन गरिने छ।

१९. विद्यालयमा अतिरिक्त कृयाकलाप तथा योग शिक्षाका माध्यमबाट बालबालिकाहरूमा नैतिक आचरणसूधार गर्न प्रोत्साहन गरिने छ।

२०. तोकिएको पकेट क्षेत्र तथा सिमान्तकृत परिवारका वालावालिकाहरुलाई दिवा खाजा उपलब्ध गराइने छ।

२१. विद्यालयमा आधारभूत तहमा अध्ययनरत छात्रा, दलित, मुक्त कमलरी तथा अपांग वालवालिकाहरुको शिक्षामा पहुँच बढाउन शैक्षिक छात्रवृति प्रदान गरिने छ।

२२. यस नगरपालिका स्थित राष्ट्रिय माध्यमिक विद्यालय सुखड मा बहु अपांगता भएका वालवालिकाहरुको लागि आवासीय विद्यालय स्थापन गरि सञ्चालन गरिने छ।

२३. यस नगरपालिकामा अध्ययनरत विपन्न परिवारका वालवालिकाहरुको अध्ययनमा नियमितताका लागि विद्यालय स्तरीय शैक्षिक सुचना प्रणाली मार्फत तथ्यांक संकलन गरी विपन्न परिवार लक्षित छात्रवृति प्रदान गर्न पहल गरिने छ।

२४. राष्ट्रिय प्रारम्भिक  कक्षा पढाई कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ।

२५. माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना तथा सञ्चार प्रविधिको प्रयोग लाई क्रमशः जोड दिइने छ।

२६. कमजोर सिकाई उपलब्धी भएका र उत्कृष्ठ सिकाई उपलब्धी भएका विद्यालयहरु विच सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

२७. विद्यालयहरुमा सरोकारवालाहरुले आचारसंहिता वनाई पालना गर्ने गराउने नीति लिइने छ।

२८. विद्यालय बाहिर रहेका वालवालिकाहरुलाई विद्यालय भित्र अनिवार्य रुपमा ल्याउन आवश्यक व्यवस्था मिलाईने छ ।

२९. विद्यालय र शिक्षकको कार्यसम्पादनका आधारमा पुरस्कारको नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।

३०. सामुदायीक र सस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका विच देखिन विभेदलाई न्यूनिकरण गर्नका लागि आगामी शैक्षिक सत्रबाट एउटै प्रकारको विद्यालय पोशाक लागुगर्ने निती अवलम्वन गरिने छ ।

३२. विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा अनुदान दिने नीति लिइने छ ।

३२. हरेक विद्यालयलयमा हरियाली वातावरण गर्नका लागि एक विद्यार्थी एक रुख नीति लिईने छ । उक्त कार्यलाई विद्यार्थीहरुको प्रयोगात्मक अंक सँग एकाकार गरिने छ ।

३३. सामुदायीक विद्यालयमा अध्ययनरत आमा बाबु गुमाई अभिभावक विहिन भएका बालबालिकाहरूलाई शिक्षाको पहुच सुनिश्चित गर्ने निति अवलम्बन गरिनेछ ।

३४. स्थानीय विषयवस्तुमा आधारित भै स्थानीय आवश्कताका आधारमा वालवालिकाहरुको ज्ञान सीप वृद्धी गर्नका लागि स्थानीय पाठ्यक्रम निर्माण गरि आगामी शैक्षिक सत्र देखी कार्यान्वयन गरिने छ ।

३५. नगरपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत सबै वालवालिकाहरुमा एकरुपता ल्याई वालमनोविज्ञानमा सकारात्मक प्रभाव पार्नका लागि आगामी शैक्षिक सत्र देखी सम्पूर्ण विद्यालयहरुका विद्यार्थीहरुको पोषाकमा एकरुपता ल्याइने छ ।

३६. वालवालिकाहरुमा खेलकुदको विकासका लागि हरेक विद्यालयमा खेलकुद शिक्षकलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

**२. स्वास्थ्य**

मौलिकहकका रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवा सबै नागरिकहरुको सहज पहुँचमा पुग्ने गरि (Universal Health Coverage) प्रभावकारी रुपले उपलब्ध गराउने एबं अधारभूत स्वास्थ्य सेवा निशुल्क रुपमा उपलव्ध गराउन आगामी आ.ब.मा देहाय बमोजिम निति तथा कार्यक्रम अबलम्बन गरिने छ ।

१. राष्ट्रिय खोप कार्यक्रमको निरन्तरता र दिगोपनाको लागी आबश्यक व्यबस्था मिलाईनेछ ।

२. सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सुधारका लागी बर्थिङ सेन्टरमा दक्ष प्रशुतिकर्मीको

व्यबस्था मिलाउने र ओषधि तथा औजार उपकरणको सुनिश्चितता गरिने छ।

३. पोषण कार्य सुधारका लागी बालबालिका किशोर किशोरी गर्भवति तथा सुत्केरी महिलालाई स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरि कुपोषित बिरामीको उपचारको व्यबस्था मिलाईने छ।

४. ५ बर्ष मुनिका बालबालिका नवशिशुको स्वास्थ्य प्रबद्धन गर्न र देखा पर्ने स्वास्थ्य समस्या बारे एकिकृत व्बबस्थापनका लागी स्वास्थ्य संस्था बाट प्रबाह हुने गुणस्तरिय सेवाको सुनिश्चितता गरिने छ।

५. किशोर किशोरी, सेवा प्रदायक र सुचना प्रदायकहरुको ज्ञान र शिपको बिकास गरिने छ।

६. औलो,कालाजार,क्षयरोग,कुष्ठ रोग,हात्तिपाईले रोग,र यौन रोग नियन्तण सम्बन्धि कार्यक्रमका लागी जोखिममा रहेका समुदायको पहिचाहन गरी रोकथाम र उपचारको व्यबस्था मिलाईने छ।

७. नसर्ने रोग रोकथाम र सडक दुर्घटना न्युनिकरण सम्बन्धि जनचेतना बढाउने कृयाकलाप गरिने छ।

८. मानसिक स्वास्थ्य सम्बन्धि समुदायमा प्रबर्द्धनात्मक कृयाकलाप संचालन गर्दै महामारी तथा बिपद सम्बन्धि जनचेतनामुलक कृयाकलाप संचालन गरिने छ।

९. सुर्ति जन्य पदार्थ,मदिरा र लागु पदार्थ प्रयोगमा नियन्तण र सचेतना अभिबृद्धि गर्दै बिध्यालय स्वास्थ्य कार्यक्रम सन्चालन गरिने छ।

१०. स्वास्थ्य खानेपानी, खाद्य पदार्थको गुणस्तर, वायू तथा ध्वनी नियन्तण गर्न र स्वास्थ्य संथा जन्य फोहोर मैला व्यबस्थापन सम्बन्धि कार्य गरिने छ।

११. महिला स्वास्थ्य स्वयम सेबिकाहरुलाई प्रोत्साहन र उत्प्रेरणा जगाउन बिभिन्न कृयाकलाप गर्दै स्वास्थ्य संथामा रहेको जनशक्तीलाई व्यबस्थापन र अस्पतालका लागी पूर्बाधार तयार गरिने छ।

१२. पहुँच र उपयोगका आधारमा हाल संचालनमा रहेका स्वास्थ्य संथाहरुमा यसै आ.ब.मा एम्बुलेन्स सेवा  उपलब्ध गराईने छ।

१३. आगामी ५ वर्ष भित्र यस नगरपालिकामा बिषेशज्ञ सहितको १५ सैया क्षमताको अस्पतालको स्थापना गरि सर्व साधारण , आर्थिक रुपमा कमजोर तथा बिपन्न नागरिकले स्थानिय स्तरमा नै गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराईनुका साथै आगामी २ बर्ष भित्रमा सामाजिक स्वास्थ्य सुरक्षा बिमामा सबै नागरिकलाई समाबेस गराईने छ।

१४. स्वास्थ्य संथाको पहुच बाट टाढा रहेका बस्तिहरुमा घुम्ती शिबिर मार्फत स्वास्थ्य सेवा प्रदान गरिने छ।

**३. लैगिंक समानता तथा समाजिक समावेशिकरण (महिला, दलीत, जनजाति , विपन्न परिवार, मुक्त कमैया तथा मुक्त कमलहरी, अल्पसंख्यक अपांग तथा पछाडी पारीएको वर्ग)**

१. चेलीवेटी वेचविखन, महिला हिंसा,विभिन्न कुरुतीहरुलाई न्यूनिकरण गर्दै लगिने छ।

२. महिलाहरुको व्यक्तित्व विकासका लागि सीपमूलक तालिमका कार्यक्रमहरु मार्फत आत्म निर्भर बनाइने छ ।

३. महिलाका हक अधिकार सम्वन्धि कानुनी व्यवस्थाहरुका वारेमा सर्वसाधारण महिलाहरुलाई जनचेनतना जगाइने छ।

४. स्वास्थ्य केन्द्र वा संस्थाहरु सम्म लैजान गर्भवति महिलालाई प्रसुती गराउन लैजादा यातायात सेवा निशुल्क गराउन आवश्यक व्यवस्था मिलाइने छ। गर्भवती महिला तथा वालवालिकाहरुलाई षोषणको व्यवस्था गरिने छ।

५. किसोरीमैत्री कार्यक्रम सञ्चालन गर्न सहकारीहरुलाई प्रोत्साहन गरिने छ।

६. विपन्न तथा पिछडिएका समुदायका महिलाहरुका लागि लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिने छ।

७. प्रत्येक वडामा एकल महिला समुह गठन गरि उक्त समूहलाई सामाजिक न्याय र स्वरोजगार मुलक कार्यक्रम सञ्चालन गरिने छ।

८. विपन्न तथा पिछडिएका छात्राहरुलाई प्रत्येक वर्ष निश्चित कोटा निर्धारण गरि विद्यालय शिक्षा उच्च शिक्षा र प्राविधिक शिक्षा छात्रवृति कार्यक्रम सञ्चालन गरिने छ। सो कार्यक्रमका लागि छात्रवृति कोष स्थापना गरिने छ।

९. विशेष महिला तथा हिंसामा परि साहरा विहिन भएका महिलालाई न्यायीक छानविन नभए सम्म विषेश आरक्षणको व्यवस्था मिलाइने छ।

१०. बहुविवाह र वालविवाहलाई निरुत्साहित गरिने छ।

११. महिला स्वामित्व कार्यक्रम प्रोत्साहित गरिने छ।

१२. बैदेशिक रोजगारीमा जाने हरेक नागरिकलाई आवश्यक सीप सिकाई परामर्श दिएर मात्र सुरक्षित रुपमा वैदेशिक रोजगारीमा जाने वातावरणको सुनिश्चितता गरिने छ।

१३. वालअधिकारको कार्यान्वयनका लागि आवश्यक वातावरण सिर्जना गरिने छ।

१४. हरेक विद्यालयलाई वालमैत्री बनाउदै लगिने छ।

१५. नगरपालिकाले सञ्चालन गर्ने हरेक क्रियाकलापमा वालअधिकारलाई उच्च प्राथमिकता दिइने छ।

१६. सार्वजनिक स्थल, भवन तथा क्षेत्रहरुलाई अपांग मैत्री बनाउने नीति अख्तियार गरिने छ।

१७. जेष्ठ नागरिकहरुको सम्मान गर्ने कार्यक्रम ल्याइने छ।

१८. असहाय तथा अनाथ नागरिकका लागि सहयोग पुग्ने कार्यक्रम ल्याउन पहल गरिने छ।

### ४. धर्म, सस्कृति तथा परम्परा

१. समाजका हरेक नागरिक तथा समुदायको धर्म सँस्कृति तथा परम्पराको संरक्षण तथा संवद्धन गरिने छ।
२. विभिन्न समयमा यस नगरमा हुने जात्रा, पर्व तथा मेलाहरुलाई व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइने छ।
३. हरेक धर्म सँस्कृति तथा परम्परालाई सम्मान गरिने छ।

### घ. वन वातावरण तथा विपद व्यवस्थापन

१. हरेक सामुदायिक वनलाईआय आर्जन संग जोडी उत्पादन मुलक बनाउन आवश्यक कार्यक्रम ल्याइने छ।
२. अत्यन्त हैसीयत विग्रेका हस्तान्तरीत सामुदायिक वनहरु छनोट गरि स्तरोन्नती गर्ने नीति अवलम्बन गरिनेछ।
३. ताल नभएका सामुदायिक वन भित्र कम्तिमा १ वटा कृतिम पोखरी निर्माण गर्ने व्यवस्था गरिने छ।
४. वन्यजन्तु संरक्षण तथा चोरी सिकारी नियन्त्रणमा विशेष जोड दिइने छ।
५. वसन्ता संरक्षित वनलाई संरक्षण गर्न सघाउ पुग्ने विविध कार्यक्रमहरु ल्याइने छ।
६. सामुदायिक वनलाई संरक्षण गरि जीवन्त बनाउन विभिन्न कार्यक्रयमहरु ल्याइने छ।
७. मुख्य शहरी क्षेत्र लगायत विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ।
८. नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा वातावरण मैत्री स्थानीय शासन (भैन) कार्यक्रमका सूचकहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ।
९. यस नगर भित्रका गाउँलाई हरियाली, सुवीधा सम्पन्न नमुना गाउँको रुपमा विकास गरिनेछ।
१०. खोला, खोल्सा तथा नालाहरुमा भएको अतिक्रमणलाई हटाई खालि जग्गामा साईकल पथ तथा हरियाली पार्क निर्माण कार्यको थालनी गरिनेछ।
११. चुरे क्षेत्र संरक्षणकालागी विषेश कार्यक्रम सञ्चालन गरिनेछ।
१२. सडक अतिक्रमण गरी निर्माण गरिएका घर, टहराहरु हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ।
१३. नगरपालिका भित्रका तालतलैयाहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याइ नगरपालिकाको आम्दानीको श्रोत बनाइनेछ।
१४. विपद व्यवस्थापनकालागी अल्पकालिन तथा दीर्घकालिन रणनीतिहरु बनाई कार्यान्वयन गर्नका लागी एक विपद व्यवस्थापन कोष निर्माण तथा क्षमता अभिबृद्दी गर्ने नीति अवलम्बन गरिनेछ।
१५. नदिहरुले गर्ने कटान तथा भूस्क्षय नियन्त्रणका लागि आवश्यक तटबन्धनको व्यवस्था गरिने छ।

१६. हरेक नदिका छेउछाउमा हरियाली वनक्षेत्र विकास गर्न जैविक तटबन्धन तथा नदिलाई ग्रिन वेल्टका रुपमा विकास गर्दै लगिने छ ।

१७. साना नदिहरुमा जलाशय यूक्त सिचाईको सम्भावना अध्ययन गरिने छ।

१८. सफा र स्वच्छ नदि तथा जलासयहरुको विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्दै लगिने छ ।

१९. फोहोरमैलालाई वर्गिकरण तथा खण्डिकरण गर्न नगरवासीलाई उत्पेरित गर्ने खालका कार्यक्रम सञ्चालन गरी क्रमशः जैविक फोहार नगरपालिकाले नउठाउने र व्यक्ति स्वमले व्यवस्थापन गर्नु पर्ने नीति लिईनेछ ।

**ङ. सुशासन तथा सस्थागत विकास**

१. सेवा प्रवाहमा प्रभावकारीता ल्याउन कर्मचारी सम्वन्धि आचारसंहिता कार्यान्वयन गरिने छ।

२. कर्मचारी कल्याणकारी कोष निर्देशिका तयार गरि लागु गरिने छ।

३. कर्मचारीहरुलाई कार्य प्रभावकारीताका आधारमा प्रोत्साहन गर्ने र क्षमता विकासका लागी तालिम प्रदान गर्ने नीतिअवलम्बन गरिनेछ।

४. सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा प्रवाहका आधारमा निरन्तरता दिइने छ।

५. सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तह सम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

६. सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न गराईनेछ।

७. नगरपालिकामा जनताका गुनासाहरु सुन्नका लागि 'जनता सँग नगर प्रमुख' कायर्क्रम सञ्चालन गरिने छ। यसका लागि टोल फ्रि नं को व्यवस्था गरिने छ। जसबाट जनताले आफुलाई परेका पिरमर्का गुनासा उक्त फोन मार्फत टिपाउन सक्नेछन । त्यस्ता गुनासाको सुनुवाई यथाशिघ्र गर्ने व्यवस्था मिलाईने छ।

८. नगरपालिकाको सेवा प्रवाहमा सहजता ल्याउन, विकास निर्माणको कार्यमा सहयोग गर्न, सार्वजनिक स्थलहरुको सुरक्षा गर्न तथा नगर भित्रका सार्वजनिक सम्पतिहरुको संरक्षण गर्न एवं नगरभित्र शान्ती सुरक्षा प्रदान गर्न आवश्यक कानुन निर्माण गरि नगर प्रहरीको स्थापना गरिने छ।

**च. सञ्चार नीति तथा कार्यक्रम**

१. शिक्षा, सामाजिक उत्तरदायित्व, पर्यटन, जनस्वास्थ्य, वातावरण संरक्षण, जलवायु परिवर्तन, कृषि, ग्रामिण विकास तथा पूर्वाधार, उपभोक्ता अधिकार र शुसासनकालागी नगरपालिकाको छुट्टै सुचना प्रवाह सेवा सूचारू गरिनेछ।

२. नगर भित्रका सञ्चारकर्मिहरूको दक्षता अभिबृदिकालागी अवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
३. नगरबासी लाई अवश्यक पर्ने नगरपालिका अन्तर्गतका सम्पुर्ण संघ संस्था, विध्यालय, व्यवशायीहरूको सम्पर्कका लागी टेलिफोन डाइरेक्ट्री (यल्लो पेज) निर्माण गरिनेछ।
४. छरिएर रहेको सम्पुर्ण डाटा हरूलाई एकिकृत गर्न सर्भर सिस्टमको व्यवस्था गरिनेछ।
५. प्राकृतिक प्रकोप, महामारी, र मानवीय संकटमा त्यससंग सम्बन्धित गुणस्तरिय सूचना प्रवाह र निराकरणका लागी स्मार्ट सूचना प्रणाली कार्यविधि लागु गरिने छ।
६. अपांग मैत्री नगरपालिकाका लागी अडियो नोटीस तथा साइनेज बोर्डको प्रयोग गरिनेछ।
७. घोडाघोडी नगरपालिका तथा जन प्रतिनिधिहरूको गतिविधिहरूलाई अभिलेखिकरण गर्न टाईमलाईन निर्माण गरिनेछ।
८. सेवाग्राही हरूलाई थप सूविधा प्रदान गर्न वडा कार्यालय बाट नै मालपोत, सम्पत्ति कर तथा अन्य राजश्व बुझाउन मिल्ने व्यवस्थगराईने छ।
९. नगरपालिकाको राजश्व बृद्धिका लागी सेवाग्राही हरूले मालपोत तिरे, नतिरेको विवरण रूजु गरेर मात्र सेवा सञ्चालन अगाडि बढाउने नीति लागु गरिनेछ।
१०. इन्टरनेट तथा इन्ट्रानेट सेवा अप्टिकल फाइबर मार्फत वडा कार्यालय, स्वास्थ्य चौकि तथा सामुदायीक विद्यालय सम्म बिस्तार गरिदै लगिने छ।
११. हाल नगरपालिकामा जडित नोटिस बोर्ड सबै वडा कार्यालयहरूमा विस्तार गरिने नीति लिइने छ।
१२. सम्पुर्ण वडा कार्यालयमा नागरिक वडा पत्र राख्ने नीति अनुरूप डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ।
१३. व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन विभिन्न स्थानहरूमा क्याम्पेन सञ्चालन गरिनेछ।
१४. सामाजिक सूरक्षा भत्ता वितरण कार्य प्रभावकारी बनाउन बैंक तथा लाभग्राहीहरूलाई अभिमुखिकरण तालिम सञ्चालन गराइनेछ।
१५. अन्तरिक राजश्व बृद्दि गर्न विज्ञापन कर लगायत अन्य करका श्रोत निर्धारण र व्यवस्थापन गरिनेछ।
१६. नगरपालिकाको नगर प्रोफाइल डिजिटल सुचना प्रविधिमैत्री बनाइनेछ।
१७. नगरका मुख्य बजार तथा वडाका प्रमुख व्यापारिक चोकहरुमा फ्रि वाईफाई जोन विस्तार गर्दै लगिने छ।
१८. खोज मूलक एवं अनुसन्धान मूलक पत्रकारितालाई प्रर्वद्धन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ।

# घोडाघोडी नगरकार्यपालिकाका पदाधिकारी ज्यूहरुको नामावली

| सि. नं. | स्थानीय तहको नाम : | निर्वाचित पदाधिकारीको नाम,थर : | निर्वाचित पद : | सम्पर्क नं. : |
|---|---|---|---|---|
| १. | घोडाघोडी नगरपालिका | श्री ममता प्रसाद चौधरी | नगर प्रमुख | ९८४८४२२९०७ |
| २. | घोडाघोडी नगरपालिका | श्री प्रेम कुमारी थापा | नगर उप प्रमुख | ९७४९०१८९६१ |
| ३. | घोडाघोडी नगरपालिका | श्री मनराज शाही | वडा नं.१ वडाध्यक्ष | ९८४८४३०७०४/ ९८१५६७१८९६ |
| ४. | घोडाघोडी नगरपालिका | श्री हरि राज बिष्ट | वडा नं.२ वडाध्यक्ष | ९८६८४१९७८१ |
| ५. | घोडाघोडी नगरपालिका | श्री कमल थारु | वडा नं.३ वडाध्यक्ष | ९८१२६५७४३२ |
| ६. | घोडाघोडी नगरपालिका | श्री टेक बहादुर बुढा | वडा नं.४ वडाध्यक्ष | ९८६५६६९३२७ |
| ७. | घोडाघोडी नगरपालिका | श्री प्रेम बहादुर रोकाया | वडा नं.५ वडाध्यक्ष | ९८२४६६९०५५ |
| ८. | घोडाघोडी नगरपालिका | श्री विनोद बिश्वकर्मा | वडा नं.६ वडाध्यक्ष | ९८६४७६४८१५ |
| ९. | घोडाघोडी नगरपालिका | श्री धन बहादुर बम | वडा नं.७ वडाध्यक्ष | ९८१४६१८४०१ |
| १०. | घोडाघोडी नगरपालिका | श्री भिम बहादुर बोगटी | वडा नं.८ वडाध्यक्ष | ९८४८४४२१८४ |
| ११. | घोडाघोडी नगरपालिका | श्री कृष्ण बहादुर शाह | वडा नं.९ वडाध्यक्ष | ९८१४६९५२६०/ ९७४९५८९९१९ |
| १२. | घोडाघोडी नगरपालिका | श्री भिम बहादुर बम | वडा नं.१० वडाध्यक्ष | ९८६८८२५५४४ |
| १३. | घोडाघोडी नगरपालिका | श्री दान सिंह जोगी | वडा नं.११ वडाध्यक्ष | ९८४८५७८२९८/ ९८१४६९०२७५ |
| १४. | घोडाघोडी नगरपालिका | श्री पर्ना कुमार चौधरी | वडा नं.१२ वडाध्यक्ष | ९८००६२१२२९ |
| १५. | घोडाघोडी नगरपालिका | श्री राजपति चौधरी | न.का. सदस्य | ९८४७९७४७४२ |
| १६. | घोडाघोडी नगरपालिका | श्री निर्मला संज्याल | न.का. सदस्य | ९८१२६४६५३१ |
| १७. | घोडाघोडी नगरपालिका | श्री पार्वती तिवारी | न.का. सदस्य | ९८००६२६३५४ |
| १८. | घोडाघोडी नगरपालिका | श्री हसिना बि.क. | न.का. सदस्य | ९८२४६८३६६३ |
| १९. | घोडाघोडी नगरपालिका | श्री शान्ति देबी चौधरी | न.का. सदस्य | ९८१२६३८१०५ |
| २०. | घोडाघोडी नगरपालिका | श्री रति कामी | न.का. सदस्य | ९७४९५७९१८३ |
| २१. | घोडाघोडी नगरपालिका | श्री राधा सोनहा | न.का. सदस्य | ९८२४६२९३५८ |
| २२. | घोडाघोडी नगरपालिका | श्री राधा परियार | न.का. सदस्य | ९८२१६१५४३४ |
| २३. | घोडाघोडी नगरपालिका | श्री मालती सार्की( बि.क.) | जि.स.स.सदस्य, कैलाली । | ९८४८४६३०३२ |
| २४. | घोडाघोडी नगरपालिका | श्री नविन कुमार बिष्ट | वडा नं.१ वडा सदस्य | ९८२१६१४८१८ |
| २५. | घोडाघोडी नगरपालिका | श्री पूर्ण बहादुर बिष्ट | वडा नं.१ वडा सदस्य | ९७४९०१३४१५ |
| २६. | घोडाघोडी नगरपालिका | श्री चन्द्रा कुमारी चौधरी | वडा नं.२ वडा सदस्य | ९८२५६९२५१७ |
| २७. | घोडाघोडी नगरपालिका | श्री नैन बहादुर बिष्ट | वडा नं.२ वडा सदस्य | ९८४८६०१०६९ |
| २८. | घोडाघोडी नगरपालिका | श्री तिर्थराज चौधरी | वडा नं.२ वडा सदस्य | ९८२४६८९०१९ |
| २९. | घोडाघोडी नगरपालिका | श्री गिता सुनार | वडा नं.२ वडा सदस्य | ९८६५७७८८८१ |
| ३०. | घोडाघोडी नगरपालिका | श्री गणेश बहादुर सुनार | वडा नं.३ वडा सदस्य | ९८००६३८४०० |
| ३१. | घोडाघोडी नगरपालिका | श्री ईन्द्रा बि.क. | वडा नं.३ वडा सदस्य | ९८२४६०७०८५ |
| ३२. | घोडाघोडी नगरपालिका | श्री कुँवर सिंह कठरिया | वडा नं.३ वडा सदस्य | ९८०४६३०३८७ |
| ३३. | घोडाघोडी नगरपालिका | श्री अनिता चौधरी | वडा नं.३ वडा सदस्य | ९८११६०९८०५ |
| ३४. | घोडाघोडी नगरपालिका | श्री लक्ष्मी रुद्र न्यौपाने | वडा नं.४ वडा सदस्य | ९८२५६९१२२० |
| ३५. | घोडाघोडी नगरपालिका | श्री पुजा देबी न्यौपाने | वडा नं.४ वडा सदस्य | ९८१२६१२५७० |

| | | | | |
|---|---|---|---|---|
| ३६. | घोडाघोडी नगरपालिका | श्री संगिता बिश्वकर्मा | वडा नं.४ वडा सदस्य | ९८२२८२७७२१ |
| ३७. | घोडाघोडी नगरपालिका | श्री जनकलाल चौधरी | वडा नं.४ वडा सदस्य | ९८१४६२६२१० |
| ३८. | घोडाघोडी नगरपालिका | श्री आशा देबी चौधरी | वडा नं.५ वडा सदस्य | ९८२४६२८९०३ |
| ३९. | घोडाघोडी नगरपालिका | श्री राजु बि.क. | वडा नं.५ वडा सदस्य | ९८११६०४३०२ |
| ४०. | घोडाघोडी नगरपालिका | श्री काले खत्री | वडा नं.५ वडा सदस्य | ९८१५६८०१७० |
| ४१. | घोडाघोडी नगरपालिका | श्री लाहुराम चौधरी | वडा नं.५ वडा सदस्य | ९८१४६८८८९२ |
| ४२. | घोडाघोडी नगरपालिका | श्री धन बहादुर चौधरी | वडा नं.६ वडा सदस्य | ९८१५६५३५३६ |
| ४३. | घोडाघोडी नगरपालिका | श्री लाल बहादुर चौधरी | वडा नं.६ वडा सदस्य | ९८२४६२१५१२ |
| ४४. | घोडाघोडी नगरपालिका | श्री कल्पना रेग्मी | वडा नं.६ वडा सदस्य | ९८४८५९६७०८ |
| ४५. | घोडाघोडी नगरपालिका | श्री राज कुमारी कामी | वडा नं.६ वडा सदस्य | ९८२५६८५५७८ |
| ४६. | घोडाघोडी नगरपालिका | श्री पूर्णिमा बि.क. | वडा नं.७ वडा सदस्य | ९८१२६६३६२७ |
| ४७. | घोडाघोडी नगरपालिका | श्री चन्नु प्रसाद चौधरी | वडा नं.७ वडा सदस्य | ९८१२६२९४२५ |
| ४८. | घोडाघोडी नगरपालिका | श्री देवचरण चौधरी | वडा नं.७ वडा सदस्य | ९८२४६२७२११ |
| ४९. | घोडाघोडी नगरपालिका | श्री अमर प्रसाद जैशी | वडा नं.८ वडा सदस्य | ९८११६६११०६ |
| ५०. | घोडाघोडी नगरपालिका | श्री राधा देबी चौधरी | वडा नं.८ वडा सदस्य | ९८२५६८३६५७ |
| ५१. | घोडाघोडी नगरपालिका | श्री काली चुनारनी | वडा नं.८ वडा सदस्य | ९८१४६६१९५२ |
| ५२. | घोडाघोडी नगरपालिका | श्री मेघ बहादुर गुरुङ्ग | वडा नं.८ वडा सदस्य | ९८१२६५९८७५ |
| ५३. | घोडाघोडी नगरपालिका | श्री कृष्ण प्रसाद चौधरी | वडा नं.९ वडा सदस्य | ९८१४६१८५७८ |
| ५४. | घोडाघोडी नगरपालिका | श्री कलीराम चौधरी | वडा नं.९ वडा सदस्य | ९८१५६२५१८९ |
| ५५. | घोडाघोडी नगरपालिका | श्री भौरी देबी सार्की | वडा नं.९ वडा सदस्य | - |
| ५६. | घोडाघोडी नगरपालिका | श्री भुमिनन्द जैशी | वडा नं.१० वडा सदस्य | ९८४८५११६१९ |
| ५७. | घोडाघोडी नगरपालिका | श्री राम प्रसाद भण्डारी | वडा नं.१० वडा सदस्य | ९८४८४५२६१३ |
| ५८. | घोडाघोडी नगरपालिका | श्री इन्दु देबी चौधरी | वडा नं.१० वडा सदस्य | ९८४८४७०९५९ |
| ५९. | घोडाघोडी नगरपालिका | श्री नारु भूल | वडा नं.११ वडा सदस्य | - |
| ६०. | घोडाघोडी नगरपालिका | श्री महाराज कठरिया | वडा नं.११ वडा सदस्य | ९८००६४४९६२ |
| ६१. | घोडाघोडी नगरपालिका | श्री नन्दराम कठिया | वडा नं.११ वडा सदस्य | ९८१५६२०९०० |
| ६२. | घोडाघोडी नगरपालिका | श्री प्रभु डगौरा थारु | वडा नं.१२ वडा सदस्य | ९८००६४१३५९ |
| ६३. | घोडाघोडी नगरपालिका | श्री मान बहादुर चौधरी | वडा नं.१२ वडा सदस्य | ९८००६३१९७२ |
| ६४. | घोडाघोडी नगरपालिका | श्री चन्द्रा डगौरा थारु | वडा नं.१२ वडा सदस्य | ९८२१६०२८१५ |
| ६५. | घोडाघोडी नगरपालिका | श्री ओमकला परियार | वडा नं.१२ वडा सदस्य | ९८२१६०२८१५ |

## घोडाघोडी नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको विवरण

| सि.न. | कर्मचारीको नाम, थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| 1. | बसन्त बहादुर बोहरा | नि.प्र.प्र. अधिकृत | प्रशासन | ९८५८४३८१११ |
| 2. | उमेश राज रेग्मी | वि.नि. | शिक्षा शाखा | ९८४८६४८३०७ |
| 3. | देव राज जोशी | लेखा अधिकृत | लेखा | ९८५८४२५२०० |
| 4. | हेम राज बुढा | सि.अ.हे.व. | स्वास्थ्य शाखा | ९८६५७५७५०७ |
| 5. | मिन ब. धामी | सि.अ.हे.व. | स्वास्थ्य शाखा | ९८४९००६०५५ |
| 6. | सिता के.सी. | म.वि.नि. | महिला तथा बालवालिका | ९८४८६०१६३२ |
| 7. | छविलाल विनाडी | नायव सुब्बा | जिन्सी | ९८४८४३०१२० |
| 8. | सर्वेश कठरिया | नायव सुब्बा | योजना | ९८५८४२५४७४ |
| 9. | छत्रा न्यूरे | पशु.स.प्रा. | पशु शाखा | ९८४८६२६७४२ |
| 10. | पुर्ण कुवर | सव इन्जिनियर | योजना | ९८५११८४७४८ |
| 11. | दिपेन्द्र चौधरी | लेखापाल | लेखा | ९८६५६१८१९० |
| 12. | कृष्ण बहादुर विष्ट | नायव सुब्बा | सहकारी | ९८४०४२२९७० |
| 13. | निर्मला कुमारी बम | कम्प्युटर अपरेटर | प्रशासन | ९८६७३१६५८३ |
| 14. | मान बहादुर बोहरा | अ.हे.व. | स्वास्थ्य शाखा | ९८६८५२२१४२ |
| 15. | नमिता रावल | स.म.वि.नि. | महिला तथा बालवालिका | ९८६६८७९९०८ |
| 16. | चक्र बहादुर भाट | प्रा.स. | कृषि शाखा | ९८६८४४९१४६ |
| 17. | विष्णु चौधरी | खरिदार | वडा सचिव २, ६ | ९८४८४२९३४६ |
| 18. | प्रेम सुनार | खरिदार | वडा सचिव १ | ९८४८४८३०३० |
| 19. | माधव कुमार जैशी | खरिदार | प्रशासन | ९८६१३३६९५१ |
| 20. | प्रमोद कुश्मी | खरिदार | वडा सचिव १२ | ९८११६१२१२२ |
| 21. | धनीराम चौधरी | खरिदार | वडा सचिव १०,११,१२ | ९७४९०२०६४८ |
| 22. | भागी राम चौधरी | मुखिया | वडा सचिव ८ | ९८४८४३२१४१ |
| 23. | होम प्रसाद रिजाल | मुखिया | वडा सचिव ३,५,७ | ९८४८४३१७९३ |
| 24. | यज्ञ राज आचार्य | मुखिया | वडा सचिव ४,९ | ९७४९०२६०८१ |
| 25. | आशापूर्ण चौधरी | का.सहयोगी | वडा नं. ४,९ | ९८१४६२७४९९ |
| 26. | प्रवेश कठरिया | का.सहयोगी | वडा नं. १०,११,१२ | ९८१५६६३३३५ |

# घोडाघोडी नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको विवरण

| सि.न. | कर्मचारीको नाम, थर | पद | कार्यरत शाखा | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | अशोक जोशी | इन्जिनियर | नगरपालिका | ९८४३६१८१८१ | |
| 2. | राम प्रसाद चौधरी | सुचना अधिकृत | नगरपालिका | ९८०१७२८६९० | |
| 3. | त्रिलोक शाही | सव इन्जिनियर | नगरपालिका | ९८१२६६४१४७ | |
| 4. | विष्णुरुद्र न्यौपाने | सव इन्जिनियर | नगरपालिका | ९८४४८३४११७ | |
| 5. | मोहन भण्डारा | अमिन | नगरपालिका | ९८६८७६५४०१ | |
| 6. | सुमित्रा शाही | ना.प्रा.स. | नगरपालिका | ९८०४६५३३०३ | |
| 7. | अनन्त जोशी | क.अपरेटर | नगरपालिका | ९८४८४९४६४५ | |
| 8. | राजीब चौधरी | क.अपरेटर | वडा नं ३,५,७ | ९८४८५५५८३७ | |
| 9. | इन्दिरा सुवेदी | का. सहायक | नगरपालिका | ९८४८४५३३३२ | |
| 10. | विनायक डगौरा | का. सहायक | नगरपालिका | ९८०४६६८२१४ | |
| 11. | कल्पना चौधरी | का. सहायक | वडा नं १०,११,१२ | ९८४८४०१९९४ | |
| 12. | खेमराज सापकोटा | का. सहयोगी | नगरपालिका | ९८२४६०१६९३ | |
| 13. | विरेन्द्र चौधरी | का. सहयोगी | नगरपालिका | ९८१४६३१८९९ | |
| 14. | मनोज चौधरी | का. सहयोगी | वडा नं. २,६ | ९८४९९२७५१५ | |
| 15. | प्रशान्त चौधरी | का. सहयोगी | नगरपालिका | ९८००६२७८२५ | |
| 16. | नम्रता चौधरी | का. सहयोगी | नगरपालिका | ९८२१६७६२७२ | |
| 17. | चक्र सुनार | का. सहयोगी | नगरपालिका | ९८६५८४२१८८ | |
| 18. | आशा डगौरा चौधरी | का. सहयोगी | वडा नं १ | ९८११६२३५८१ | |
| 19. | दिपेश शाही | स. चालक | नगरपालिका | ९८४००१०८१७ | |
| 20. | पदम वि.क | स. चालक | नगरपालिका | ९८११६९९४८८ | |
| 21. | सविता कठरिया | सा. परिचालक | वडा नं. ८ | ९८४८४००३७२ | |
| 22. | डिल्ली राज जोशी | सा.परिचालक | वडा नं. ४ र ९ | ९८२४६६११३२ | |
| 23. | मञ्जु पन्त | सा.परिचालक | वडा नं. ३, ५,७ | ९८४८८२८८१३ | |
| 24. | ललिता चौधरी | सा.परिचालक | वडा नं. १२ | ९८१५६९५४९९ | |